# चन्द्रकोट गाउँपालिकाको गाउँसभामा प्रस्तुत आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नेपालको संविधानले व्यवस्था गरेको संघ, प्रदेश र स्थानीय तहको सरकारमध्ये स्थानीय तहअन्तर्गत पर्ने यस चन्द्रकोट गाउँपालिका गुल्मीको गरिमामय पन्ध्रौं गाउँसभाको पहिलो बैठकमा उपस्थित भएका छौं ।

आज यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न गइरहेका छौं। यस घडीमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउन एवम् स्वतन्त्रताका लागि भएका जनयुद्ध लगायत विभिन्न आन्दोलनका क्रममा आफ्नो जीवन आहुति दिनुहुने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली र वेपत्ता तथा घाइते नागरिकप्रति उच्च सम्मान टक्र्याउँछौं ।

आफ्नो अमूल्य मतद्वारा विश्वास गरी हामीलाई चन्द्रकोट गाउँपालिकाको सेवा प्रवाह र विकासको जिम्मेवारी सुम्पिनु हुने सम्पूर्ण चन्द्रकोट गाउँपालिकावासी नागरिकहरूप्रति हार्दिक आभारसहित सम्मान व्यक्त गर्दै विकास र उन्नतिको लागि सक्रिय रुपमा अगाडि बढ्दै प्रभावकारी रुपमा दैनिक सेवाप्रवाह र विकास पथमा लाग्नु भएका सम्पूर्ण सभाका सदस्यज्यूहरू, राजनैतिक दल, निवर्तमान जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मीहरू, शिक्षक, बुद्धिजीवि, पत्रकार, सामाजिक अगुवा तथा आम जनसमुदायलाई धन्यवाद दिदै आगामी दिनमा पनि यस गाउँपालिकाले गर्ने हरेक काममा यस्तै साथ सहयोगका साथै सुझाव र सक्रिय भूमिकाको अपेक्षा गर्दछौं।

सीमित स्थानीय स्रोत साधनका बीचमा चन्द्रकोट गाँउपालिकाको विकास निर्माणको गतिलाई तिव्रता दिनको लागि संघीय सरकार र प्रदेश सरकारका साथै विकास साझेदारहरूसँग समेत समन्वय भईरहेको छ । स्थानीयवासीका असीमित अपेक्षाहरूलाई सम्बोधन गर्नका लागि अल्पकालीन तथा दीर्घकालीन योजनाहरू तयार गरी प्राथमिकताका साथ पुरा गर्दै जाने दिशामा स्थानीय सरकार प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छौं।

नेपालको संविधानले निर्दिष्ट गरेका अधिकारहरूको उच्च प्रतिफलयुक्त अभ्यास गर्दै स्थानीय सरकारलाई सशक्त र सवल रुपमा विकास गराउनु पर्दछ भन्ने मान्यतामा अडिग रहि आफुलाई सोही बाटोमा अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्दछौं। स्थानीय तहमा महिला, दलित, आदिवासी, जनजाती, सीमान्तकृत, मुस्लिम, अपाङ्ग, यौनिक अल्पसंख्यक लगायतका पिछडिएका क्षेत्र र वर्गको समावेशी प्रतिनिधित्त्व सुरक्षित र सुनिश्चित गर्न सदैव प्रतिवद्ध छौं।

हाल देशमा उत्पन्न आर्थिक शिथिलताले समग्र देशको अर्थतन्त्रलाई गम्भीर असर पारेको हुँदा हरेक क्षेत्रमा अर्थतन्त्रको प्रभाव परिरहेको अवस्था विद्यमान रहेको छ र यसबाट चन्द्रकोट गाउँपालिका पनि अछुतो रहन नसकेको यथार्थता हामी समक्ष रहेको छ।

नागरिकहरूको असीमित अपेक्षाहरूलाई पुरा गर्न गाउँपालिकालाई संघीय र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको सीमित बजेटको परिधिमा रही नागरिकको वृहत्तर हितको लागि आफ्नो स्रोत साधनलाई अधिकतम परिचालन गर्ने गरी वस्तुपरक नीति तथा कार्यक्रमहरू तर्जुमा गरेका छौं।

जनतालाई सुशासनको प्रत्याभुति गर्दै घर आँगनमै सेवा पुऱ्याउन सके मात्र लोकतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर यस गाउँपालिका अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा दृढताका साथ उभिएको छ। सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, नागरिक वडापत्र, घुम्ती शिविरहरूबाट सुझाव आदिको माध्यमबाट सेवालाई प्रभावकारीतातर्फ अगाडि बढाउन हरदम प्रयास गरिएको छ। शिक्षा, स्वास्थ्य, आर्थिक विकास, मानव विकास, पूर्वाधार विस्तार लगायतका कार्यहरूमा प्राथमिकताका साथ लगानी बढाउदै लगिएको छ र यस कार्यलाई आगामी आर्थिक बर्षहरूमा समेत थप प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्दछौं।

**"सवल एवम् सक्षम चन्द्रकोट समृद्ध चन्द्रकोटबासी"** भन्ने मूल ध्येयका साथ सुन्दर समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प समस्त गाउँपालिकाबासीको समृद्दिको चाहना र हामीले निर्वाचनका क्रममा अभिव्यक्त गरेका प्रतिज्ञाहरू पूरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमलाई मुखरित गरेका छौं। यसका लागि दिगो विकासका राष्ट्रिय लक्ष्यहरू स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माणसहित स्थानीय श्रोतको पहिचान र परिचालन गरी समावेशी दीगो स्थानीय आर्थिक विकासमार्फत समृद्ध चन्द्रकोट र सक्षम चन्द्रकोटबासीको लक्ष्य हासिल गर्न सार्वजनिक, नीजि क्षेत्र र समुदायसँग साझेदारी तथा समन्वयका साथ विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह गरिनेछ। विद्यमान समस्याहरूको दीर्घकालिन व्यवस्थापन गर्नु, स्वच्छ सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने, योजनाबद्ध विकास तथा वस्ती विकासका साथै उत्पादन र लघु उद्यममार्फत स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने विषयलाई पहिलो प्राथमिकतामा राखिएको छ।

पालिकाभित्रबाट अन्यत्र बसाइसराइ गरेर जाने जनसंख्या दिनानुदिन बढ्दै गई चपेटामा परेको हाम्रो यस पालिकाबाट हुने आन्तरिक र बाह्य बसाइसराइका कारण बढ्दै गइरहेको चुनौतिलाई सामना गर्ने, नागरिकलाई देशभित्रै रोजगारीको अवसर सिर्जना गरी गाउँघरको बसाइलाई आकर्षित बनाउने चुनौति हामी सबैको साझा मुद्धा हुन पुगेको छ।

**सभाध्यक्ष महोदय,**

**अव म यस गाउँपालिकाको विकास र समृद्धिको लक्ष्य हासिल गर्नका लागि गरिएका महत्वपूर्ण अवसर तथा चुनौतिहरू सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।**

संविधान प्रदत्त स्थानीय तहका एकल अधिकार र साझा अधिकारसहितको अधिकार सम्पन्न स्थानीय तहको निर्माण हुनु र ती अधिकारहरू क्रमशः कार्यान्वयनको चरणमा हुनु, आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानुन तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु, विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु, सबै वडामा सडक पूर्वाधारको सन्तोषजनक पहुँच रहनु, विभिन्न पुरातात्विक महत्व बोकेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरू रहनु, राजनितिक सहिष्णुता र सामाजिक सद्भाव कायम रहनु जस्ता अवसरहरू हामी समक्ष रहेका छन्।

ऐतिहासिक तथा धार्मिक एवम् पर्यापर्यटकीय स्थलहरू दिब्रुङ्ग मन्दिर, चन्द्रकोट मन्दिर, शिद्धबाबा धाम, चण्डिस्थान मन्दिर, टिमुरे क्षेत्र, रुमालबारी पिकनिक स्थल, ग्वाघा पोखरी, अर्जेवा झरना, सिन्दुर घसे जस्ता स्थलहरू, पुरानो बजार क्षेत्रका रुपमा स्थापित शान्तिपुर एवम् मजुवा क्षेत्र तथा वलिवाङ्ग, ग्वाघा, सोता लगायतका बजार उन्मुख क्षेत्रहरूको उपलब्धतासमेत हाम्रो वलियो पक्ष बन्न पुगेको छ।

रिडी-रुद्रबेणी-वामीटक्सार सडक, बुटवल-शान्तिपुर हुँदै बाग्लुङ्गको बरेङ्ग सडक, पूर्तिघाट-ग्वाघा-शान्तिपुर-इन्द्रेगौडा-पुर्कोट दह सडकलगायतका सडक सञ्जालले छुनु, बडिगाड खोला, खहरे खोला जस्ता प्राकृतिक नदिजन्य श्रोतहरू हाम्रा विकासका सम्भावनाहरूका रुपमा रहेका छन्। त्यस्तै आलु, लसुन जस्ता कृषिजन्य उत्पादन हुनु, महको व्यावसायिक उत्पादन बढ्दै जानु, सुन्तला उत्पादन हुनु आदि जस्ता पक्षहरू पनि हाम्रा वलिया स्रोतका रुपमा रहेका छन्।

उत्पादन र उत्पादकत्व बढाउँदै कृषि व्यवसायलाई थप व्यवस्थित बनाउनु, रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु, व्यवसायिक कृषिप्रति युवाको आकर्षण वृद्धि गर्नु तथा कृषि उपजको बजारीकरण गर्नु, वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु हाम्रा चुनौतिका विषयहरू रहेका छन्।

निर्माण भएको पूर्वाधारको मर्मत संभारका लागि विकास आयोजनाहरूलाई उपभोक्ता समितिलाई हस्तान्तरण गरी दिगोपनको सुनिश्चितता कायम गर्नु, भिरालो ठाउँ, बाढी पहिरो तथा संभावित विपद्जन्य घटना लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीहरूमा सम्भावित विपद्जन्य घटनालाई रोक्नु, व्यवस्थित तथा एकीकृत बस्ती विकास गर्नु हाम्रा अन्य चुनौतिहरू हुन्।

कृषिमा प्रचुर सम्भावना रहेको हुँदा त्यसलाई सही सदुपयोग गर्नु, विपद् व्यवस्थापनका कार्यहरू प्रभावकारी रुपमा सञ्चालन गर्नु, गुणस्तरीय स्वास्थ्य र शिक्षा प्रदान गर्नु, गाउँपालिकाको भौगोलिक विकटता र छरिएर रहेको वस्ती हुनु, प्रविधि प्रयोग गरी सेवा उपलब्ध गराउन नागरिकमा प्रविधिको प्रयोगमा पहुँचमा कमी हुनु, नागरिकको अपेक्षा अनुसार कार्य गर्न पर्याप्त बजेट नहुनु, संघ तथा प्रदेश सरकारबाट न्यून समानीकरण अनुदान प्राप्त हुनु, हरेक बर्ष बजेटको लागि संघ र प्रदेश सरकारमा निर्भर हुनुपर्ने अवस्था सिर्जना हुनु लगायतका विषयहरु समेत चुनौतिका रुपमा हामीले अंकित गरेका छौं।

**सभाध्यक्ष महोदय,**

**अव म गत आर्थिक बर्षदेखि हालसम्म भए गरेका क्रियाकलापहरूको बारेमा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

पालिकाका मुख्य सडक तथा पहुँच मार्गको निरन्तर स्तरोन्नति तथा मर्मत संभारका कार्यहरू भईरहेका छन् भने नयाँ सडकहरूको लागि समेत सडक गुरुयोजना RMTMP निर्माण गरी अवस्थाको विश्लेषण गर्दै सडक विस्तारका कार्यहरू भईरहेका छन्।

गाउँपालिकाका मुख्य बजार क्षेत्र तथा बजारउन्मुख क्षेत्रहरूमा नाली व्यवस्थापन योजना क्रमागत रुपमा सञ्चालन गरिएको, सडक सुरक्षाको लागि विभिन्न सडकहरूमा रिटेलिङ्ग वाल र ग्याभिङ्ग वाल लगाउने कार्य भइरहेको छ। विभिन्न सडकहरूको DPR तयार गरी विभिन्न निकायमा आवश्यक बजेटका लागि

समन्वय भईरहेको र विभिन्न नयाँ स्थानमा नयाँ सडकको लागि ट्र्याक खोल्ने काम समेत निरन्तर चलिरहेको छ।

पालिकाभित्र रहेका खेलमैदानहरूको व्यवस्थापनका लागि DPR तयार गरी आवश्यक कार्य अगाडि बढाइएको, विभिन्न स्थानहरूमा कभर्ड हल निर्माण र स्तरोन्नति गर्ने कार्य भइरहेका छन्।

संघीय सरकार एवम् प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा जिल्लास्थित विभिन्न कार्यालयहरूको समन्वयबाट पूर्वाधार विकास विभिन्न आयोजनाहरू सञ्चालन भइरहेका छन्।

पालिकाका विभिन्न स्थानहरूमा आवतजावतको सहजीकरणका लागि झोलुङ्गे पुल निर्माणका कार्य भइरहेका छन्। यातायात आवगमनलाई मध्यनजर गर्दै कल्भर्ट निर्माणलाई समेत उच्च प्राथमिकतामा राख्दै लगिएको छ भने विभिन्न स्थानमा ह्युम पाइप राखी बर्षाको समयमा आवगमनलाई सहज हुने व्यवस्था मिलाइएको छ।

बर्षाको समयमा अवरुद्ध हुने सडकलाई तत्काल सुचारु गर्ने कार्य गरिदै आएको छ भने पालिकाबाट वडाका मुख्य स्थानमा पुग्ने मार्गलाई बाह्रै महिना सहज यातायात आवागमनको व्यवस्था मिलाइएको छ।

हरेक स्वास्थ्य संस्थाको सुविधा सम्पन्न भवनबाट स्वास्थ्य सेवा सञ्चालन गर्ने अभियान अन्तर्गत यसै अवधिमा ३ वटा स्वास्थ्य चौकीको नयाँ भवनबाट सेवा सूचारु गरिएको छ भने थप २ वटा सामुदायिक स्वास्थ्य ईकाइका भवन निर्माण सम्पन्न भएका छन्। यसैगरी दिब्रुङ्ग स्वास्थ्य चौकीको भवन निर्माणका लागि बहुबर्षीय योजना अन्तर्गत ठेक्का संझौता भई कार्य प्रारम्भ भएको छ भने पालिकाको स्वास्थ्य सेवालाई सुविधा सम्पन्न बनाउन निर्माण भईरहेका १५ शैय्याको शान्तिपुर अस्पतालको निर्माण कार्य सम्पन्न भई उद्घाटनको चरणमा रहेको छ।

सबै वडा कार्यालयहरूको प्रशासनिक सेवा प्रवाह आफ्नै भवनबाट दिने अभिप्राय अन्तर्गत थप १ वटा नयाँ भवन निर्माण गरी सञ्चालनको तयारीमा छ भने थप २ वटा वडा भवन निर्माणको ठेक्का प्रकृयामा गएको छ।

पालिकाभित्रका ५ वटा विद्यालयमा पक्की भवन निर्माण भएको छ भने अन्य भवन निर्माणका लागि विभिन्न निकायमा आवश्यक समन्वय भईरहेको छ।

चन्द्रकोटको एक प्रसिद्ध धार्मिक गन्तव्य दिब्रुङ्ग मन्दिरमा दर्शन गर्न आउने धार्मिक पर्यटकहरूलाई आवासको व्यवस्था गर्न अतिथि आवास गृहको निर्माण कार्य सम्पन्न भएको छ।

समुदायसँगको साझेदारीमा पोखरी सौन्दर्यकरण गरिएको, एक घर एक धारा कार्यक्रम निरन्तर सञ्चालनमा रहेको छ। जसका लागि  लिफ्टिङ्ग तथा ग्राभिटी खानेपानी योजना सञ्चालन, खानेपानी टयाङ्की निर्माण, खानेपानीका मुहान संरक्षण, थप पाइप लाइन विस्तार तथा पोखरी निर्माण लगायतका योजनाहरू निरन्तर सञ्चालनमा रहेका छन्।

पालिकाभित्रका कृषकहरूलाई लक्षित गरी सिंचाई सुविधा विस्तार गरी कृषि उत्पादनलाई बढावा दिन विभिन्न स्थानमाथप सिंचाई कुलो निर्माण, कुलो मर्मत, अवरुद्ध सिंचाइ योजनाहरू सञ्चालनमा ल्याइएको छ।

पर्यटन पूर्वाधार अन्तर्गत विभिन्न प्राकृतिक पर्यटकीय गन्तव्यहरू, धार्मिक, साँस्कृतिक, पुरातात्विक, पर्या-पर्यटकीय स्थल लगायतका स्थानमा पूर्वाधार निर्माण, संरक्षण एवम् सौन्दर्यीकरण लगायतका विभिन्न योजनाहरू सञ्चालन गरिएको छ।
नागरिकहरूलाई रातको समयमा समेत सहज आवतजावतका लागि मूख्य तथा बजारउन्मुख क्षेत्रहरूमा सडक बत्तिको व्यवस्थापन गरिएको छ।

**सभाध्यक्ष महोदय,**
**अव म यस अवधिमा सामाजिक विकासतर्फ भए गरेका कामको संक्षेपीकरण प्रस्तुति राख्ने अनुमति चाहन्छु।**

पालिकाभित्रका नागरिकको स्वास्थ्यप्रतिको जिम्मेवारी पूरा गर्दै नागरिकको स्वास्थ्य नै सर्वोपरी हो भन्ने नीतिलाई अंगिकार गर्दै निशुल्क बृहत् स्वास्थ्य शिविर, आँखाको मोतिया बिन्दुको अप्रेशन, निशुल्क चश्मा वितरण, गम्भिर प्रकृतिका विरामीहरूलाई मासिक ५ हजार सहायता बृत्तिको व्यवस्था, गरिव तथा विपन्न नागरिकलाई उपचारमा आर्थिक सहयोग, विपन्न बर्गका लागि शत प्रतिशत तथा पचास प्रतिशत छुटमा स्वास्थ्य बीमा कार्यक्रम लगायत सञ्चालन गरिएको छ।
सुत्केरी हुनका लागि जिल्ला बाहिर रिफर हुने गर्भवती महिलाहरूको यातायात सुविधाको लागि शत प्रतिशत रकम प्रदान गरी निःशुल्क यातायातको व्यवस्थापन गरिएको छ भने रगत नपाएर उपचारमा समस्या भएका नागरिकहरूका लागि पालिकाकोतर्फबाट रक्तसंचार सेवा केन्द्रसँग सम्झौता गरी आफ्ना नागरिकलाई निःशुल्क रगत उपलब्ध गराउने कार्य भईरहेको छ भने रक्तदान जीवनदान भन्ने मूल अभिप्रायका साथ रक्तदान कार्यक्रमको आयोजना गरिएको छ।
ल्याव सेवा हरेक स्वास्थ्य चौकीबाट उपलब्ध गराउने लक्ष्य अनुरुप थप २ वटा स्वास्थ्य संस्थामा ल्याव सेवा विस्तार गरिएसँगै पालिकाभित्रका ५ वटा स्वास्थ्यचौकीबाट ल्याव सेवा सञ्चालनमा आएको छ। मातृ तथा नवजात शिशुलाई लक्षित गरी विभिन्न उपचारात्मक र निदानात्मक कार्यहरू भैरहेका छन्।
आधारभूत तह (कक्षा १-८) का लागि हाम्रो चन्द्रकोट नामक पाठ्यक्रम अनुसार स्थानीय पाठ्यपुस्तक लेखन तथा प्रकाशन गरी निशुल्क रुपमा विद्यार्थीको हात हातमा वितरण गरिएको छ भने प्राविधिक शिक्षालाई प्रोत्साहन गरी स्वरोजगारतर्फ उन्मुख गराउने लक्ष्यकासाथ पालिकाभित्र रहेका प्रत्येक वडाका १/१ जना छात्र तथा छात्रालाई प्राविधिक शिक्षालयमा निःशुल्क बाली विज्ञान र कृषि विज्ञान विषय अध्ययनको व्यवस्था गरिएको छ। शिक्षक कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न तालिम तथा क्षमता विकासका कार्यक्रम समेत सञ्चालन गरिएको छ।
युवाहरूलाई खेलकुदप्रति अभिप्रेरित गर्न राष्ट्रपति रनिङ्ग शिल्ड, अन्तर वडा स्तरीय पुरुष अध्यक्षकप भलिवल प्रतियोगिता तथा शिक्षक भलिबल प्रतियोगिता जस्ता कार्यक्रम सञ्चालन गरिएको छ। साथै जिल्लाभित्र सञ्चालन हुने विभिन्न खेलकुद कार्यक्रमहरूमा पालिकाको तर्फबाट निरन्तर सहभागिता गराउदै आइएको छ।
अपाङ्गता भएका व्यक्तिहरूलाई मध्यनजर गर्दै अपाङ्गता परिचयपत्र वितरण गर्ने गरिएको छ भने अपाङ्गता भएका व्यक्तिलाई आवश्यकताका आधारमा अपाङ्गता सहायता सामाग्री वितरण गरिएको छ। यसैगरी

पालिकाभित्रका अपाङ्गता भएका व्यक्तिहरूको एकीकृत अभिलेखको लागि तथ्याङ्क संकलन र प्रोफाइल निर्माण गरिएको छ।

महिला लक्षित कार्यक्रम विभिन्न सीपमूलक तालिम सञ्चालन भएका छन्। तुराङ्ग बहुप्राविधिक शिक्षालयसँगको समन्वयमा युवा लक्षित ३९० घण्टे प्लम्विङ्ग तालिम सञ्चालन भइरहेको छ।

दलित समुदायको परम्परागत व्यवसाय संरक्षण तथा प्रबर्धन कार्यक्रम निरन्तर सञ्चालन भइरहेका छन्। बालबालिका तथा जेष्ठ नागरिकहरूलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

**सभाध्यक्ष महोदय,**

**अव म आर्थिक विकासतर्फका उपलब्धिहरू संक्षेपीकरण गर्न चाहन्छु।**

पालिकाको कृषि उत्पादनलाई बढावा दिदै आधुनिक खेती प्रणालीको विकासका लागि अनुदानमा कृषि यन्त्र उपकरण प्रदान गरिएको छ भने माग तथा उत्पादनमा आधारित विभिन्न अनुदानका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

खाद्यान्न बालीका उन्नत विउ उपयोगमा अनुदान अन्तर्गत कृषकहरूलाई मकै, धान, गहुँ तथा विभिन्न तरकारीका उन्नत तथा बर्णशंकर जातका विउ वितरण गरिएको छ।

पालिकाभित्रका नागरिकलाई आत्मनिर्भर बनाउँदै कृषि प्रणालीलाई थप व्यवस्थित बनाउन कृषिप्रति आकर्षण बढाउनका लागि वडा नं. १ लुग्दीमा आलु पकेट विकास कार्यक्रम सञ्चालन गरिएको छ भने वडा नं. ५ मा मौरी पकेट कार्यक्रम सञ्चालन भएको छ। यसका अलवा विभिन्न वडामा पकेट विकास कार्यक्रमहरू निरन्तर संचालित छन्।

प्राङ्गारिक कृषितर्फ उन्मुख नयाँ अवधारणाअन्तर्गत पालिकाभित्रका कृषकहरूलाई भर्मी कम्पोष्ट मल उत्पादन तालिम कार्यक्रम सञ्चालन गरी मल उत्पादनमा अनुदानको व्यवस्था गरिएको छ।

कृषकहरूलाई सम्मान गर्न उत्कृष्ट कृषक छनौट गरी पुरस्कार प्रदान गरिएको छ जसबाट कृषकहरूको मनोबल थप वृद्धि भएको अनुभुति गरेका छौं।

कृषकहरूको उत्पादनलाई संकलन गरी बजार व्यवस्थापन गर्न चन्द्रकोट गाउँपालिकाको केन्द्र शान्तिपुरमा कृषि संकलन केन्द्र निर्माण भईरहेको छ।

पर्यटन र आयआर्जन बढाउने उद्देश्यका साथ ग्वाघा रुमालबारी क्षेत्रमा पाइलट प्रोजेक्टका रुपमा ५०० वटा अर्थोडक्स प्रजातिका चिया रोपण गरिएको छ। जसको संरक्षणका लागि समुदायसंग साझेदारी गर्दै आईएको छ।

कृषकद्वारा पालिएका पशुधनको सुरक्षाका लागि पशुपंक्षी बिमा कार्यक्रम सञ्चालन गरिएको छ।

कृषकहरूको पशुधन सुरक्षाका निमित्त पशुपंक्षीका लागि आवश्यक विभिन्न औषधीहरू खरिद गरी निरन्तर वितरण गरिएको छ भने कृषकहरूलाई उन्नत् जातका घाँसका बिउहरू निःशुल्क रुपमा वितरण गरिएको छ। माछापालक कृषकहरूलाई अनुदानमा माछाका भुरा वितरण गरिएको छ।

**सभाध्यक्ष महोदय,**

गरिवी निवारणका लागि लघुउद्यम कार्यक्रमअन्तर्गत उद्यमशीलता विकास गर्न लक्षित समुहलाई सीपमूलक तालिम प्रदान गरिएको छ भने भइरहेका उद्यमीको स्तरोन्नति तालिम सञ्चालन गरी विभिन्न सीप तथा प्रविधि हस्तान्तरण गरिएको छ।

सीमान्तकृत बोटे समुदायको बस्ती रहेको रुपाकोट बोटेगाउँमा साझा सुविधा केन्द्र निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। लघुउद्यम विकास कार्यक्रम अन्तर्गत सञ्चालनमा रहेको सिर्जनशील महिला लघु उद्यम समुहलाई विभिन्न प्रविधि हस्तान्तरण गरिएको छ भने उक्त समुहबाट उत्पादित होजियारी (खादा, स्विटर) सामाग्रीहरूको बजारीकरणमा सहजीकरण गरिएको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न वडाका सुचीकृत बेरोजगारहरूमध्येका वेरोजगारीहरूलाई न्यूनतम १०० दिनको रोजगारी प्रदान गरिएको छ।

बैदेशिक रोजगारीमा जाने नागरिकहरूलाई पालिकाबाटै श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाइएको छ भने बैदेशिक रोजगारीमा रहँदाका बखत मृत्यु भएका व्यक्तिहरूको शव नेपाल झिकाउन र उनीहरूलाई प्राप्त हुने क्षतिपूर्तिबाट प्राप्त हुने रकमका लागि समेत सहजीकरण गरिएको छ।

**सभाध्यक्ष महोदय**

**सभा सदस्यहरू,**

**अव म वन वातावरण तथा विपद् व्यवस्थापनतर्फ भएका प्रगतिहरूको संक्षेपीकरण गर्न चाहन्छु।**

पालिकाका विभिन्न स्थानमा बर्गीकृत (कुहिने र नकुहिने फोहर जम्मा गर्ने) स्टयाण्डसहितका डस्टविनको व्यवस्था गरिएको छ।

बैकल्पिक उर्जा प्रवर्धनको लागि पालिकाभित्रका मुख्य तथा बजारउन्मुख क्षेत्रहरूमा सौर्य उर्जाको सडक सोलार जडान गरिएको छ भने दिब्रुङ्ग तथा रुपाकोट स्वास्थ्य चौकीमा सौर्य उर्जा स्टेशन निर्माण गरिएको छ।

विपद् व्यवस्थापन रोकथामका लागि ग्याबिन जाली वितरण, मनसुनजन्य विपद्मा परेका नागरिकहरूलाई विपद्को प्रकृति अनुसार राहत रकम प्रदान गरिदै आएको छ भने विभिन्न विपद्मा परेका नागरिकहरूका लागि तत्काल राहत व्यवस्थापन कार्य गरिएको छ। सुरक्षित नागरिक आवास कार्यक्रम निरन्तर सञ्चालनमा रहेको छ।

वन तथा सामुदायिक बनहरूको अभिलेखीकरण कार्यको सुरुवात गरिएको छ। टोल विकास समिति तथा वजार व्यवस्थापन समितिसँगको सहकार्यमा टोल तथा बजार सरसफाई कार्यक्रम सञ्चालन गरिएको छ।

सभाध्यक्ष महोदय अव म कानुन निर्माण तथा कानुनी मामिला तर्फ भएका कार्यक्रमहरूको केहि उपलव्धी यहाँ समक्ष पेश गर्न चाहन्छु।

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ बमोजिम स्थानीय तहमा रहने गरी बन्नु पर्ने विषयषगत समितिहरू गठन गरिएको छ भने यस अवधिमा पालिकाको कार्य प्रकृयालाई थप व्यवस्थित गर्न र प्रभावकारी सेवा

प्रवाह गर्न आवश्यक विभिन्न नीति, ऐन, नियम, कार्यविधि, नियमावली, मापदण्ड, आचार संहिताहरू नियमित रुपमा स्वीकृत साथै आवश्यक संशोधन गरी लागु गरिएको छ।

सबै वडामा मेलमिलाप केन्द्रको व्यवस्थापन गरिएको छ भने पालिकामा इजलास कक्षको प्रबन्ध गरिएको छ। उजुरी परेका निवेदन उपर न्यायिक कार्यलाई सकेसम्म छिटो सम्पादन हुने व्यवस्था मिलाईएको छ।

**सभाध्यक्ष महोदय,**

पालिकामा विद्युतीय भुक्तानी प्रणाली (EFT)पूर्ण रुपमा लागु गरिएको छ भने सामाजिक सुरक्षा भत्तालाई समेत EFT मार्फत पूर्ण बैङ्किङ्ग प्रणालीमा आवद्ध गरिएको छ।

पालिकाका मुख्य बजार क्षेत्रमा शान्ति सुरक्षा लगायतका विभिन्न विषयलाई मध्यनजर गर्दै मुख्य बजार क्षेत्रमा सिसिटिभि जडान गरिएको छ र जसको रेखदेखका लागि प्रहरी कार्यालयसँग समन्वय भएको छ।

अनुगमन प्रणालीलाई थप व्यवस्थित बनाउदै लैजान पालिका र सो अन्तर्गतका सम्पूर्ण सरकारी निकाय साथै विद्यालयहरूमा विद्युतीय हाजिरीको व्यवस्था मिलाईएको छ।

पालिकालाई प्रविधिमैत्री बनाउन सबै वडाहरूमा अनलाइन घटना दर्ताको सुरुवात गरिएको छ। त्यस्तै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सालबसाली रुपमा हुने नवीकरण कार्य टोलटोलमा पुगी गरिएको छ।

गाउँपालिकाभित्र राजश्व प्रणालीलाई थप व्यवस्थित गर्न हरेक वडा तथा पालिकामा अनलाईन राजश्व प्रणाली स्थापना गरिएको छ भने प्रत्येक वडामा कर संकलक मार्फत सहज तवरमा कर संकलन कार्य अगाडि बढाईएको छ।

गाउँपालिकाको स्थानीय तह स्वमूल्याङ्कन (LISA) मा ९२.५ अंकसहित पालिकाले गुल्मी जिल्लामै द्वितिय स्थान प्राप्त गर्न सफल, वित्तिय जोखिम मूल्याङ्कन (FRA) मा ८८.५ अंक, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) मा ८२ अंक प्राप्त गरेको छ भने पालिकाले राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको प्रतिवेदन अनुसार पालिका देशभरकै स्थानीय तहमा ७ औं स्थान तथा गाउँपालिकाहरूमा चौथो स्थान सहित तथा गाउँपालिकाको अन्य विविध कार्यसम्पादन मूल्याङ्कनमा उत्कृष्ट अंक प्राप्त भएको छ।

एकीकृत घुम्ती सेवा अन्तर्गत वडा तहमै पुगी योजना संझौता, उपभोक्ता समितिलाई अभिमूखीकरण, जेष्ठ नागरिक परिचयपत्र वितरण, मेडिकल अधिकृत सहितको स्वास्थ्य परिक्षण, परामर्श सेवा एबम् औषधी वितरण, कृषि-पशु परामर्श तथा औषधी वितरण, संघ संस्था तथा व्यवसाय दर्ता/नवीकरण, माटो परिक्षणका लागि नमुना संकलन जस्ता कार्यक्रम सञ्चालन गरिएको छ।

गाउँपालिकामा प्रवक्ता, गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकारीको माध्यमबाट पालिकामा हुने जनगुनासोहरूलाई तत्काल सम्बोधनको व्यवस्था मिलाईएको छ भने नागरिकहरूसँग प्रत्यक्ष सम्पर्कमा रहि सार्वजनिक सेवालाई चुस्त, छिटो छरितो, पारदर्शी र प्रभावकारी वनाउन निःशुल्क हटलाईन सेवा प्रदान गरिएको छ।

**सभाध्यक्षज्यू,**

आगामी वर्षको लागि यस गाँउपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दै गर्दा नेपालको संविधान, नेपालको संविधानको प्रस्तावनामा उल्लिखित विषयहरू, नागरिकका मौलिक हक तथा कर्तव्यहरू, राज्यको दायित्त्व, राज्यका नीतिहरू, स्थानीय तहका एकल तथा साझा अधिकार सूचिका विषयहरू, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, चालु आवधिक योजना, दिगो विकासका लक्ष्य, नेपाल सरकारका नीति तथा कार्यक्रम, संघीय सरकार र प्रदेश सरकारका आ.व. २०८१/८२ का नीति तथा कार्यक्रमहरू स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८ मा भएका व्यवस्था आदिलाई मार्गदर्शनको रुपमा लिएको छ ।

**सभाध्यक्ष महोदय एवम सभाका सदस्यज्यूहरू,**

अब म आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि यस गाँउपालिकाले लिने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

आर्थिक विकासतर्फका नीति तथा कार्यक्रमहरू

१. आधुनिक कृषि पद्धतिलाई विस्तार गरी परम्परागत निर्वाहमूखी खेती प्रणालीमा सुधार गर्ने कार्यक्रम संचालन गरिने छ।जसको लागि एक वडा एक उत्पादनको क्षेत्रलाई वडागत रुपमा प्राथमिकीकरण गरी कार्यान्वयन गरिनेछ।

२. कृषि क्षेत्रलाई थप व्यवासायिकतातर्फ उन्मुख गर्न पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइने छ। चालु आ व मा आलु, लसुन, माहुरी पकेट कार्यक्रमबाट उत्पादित उत्पादनहरूलाई भौगोलिक संकेत प्रदान गरी बजारीकरण गरिनेछ।सम्भावित क्षेत्रमा नयाँ पकेट कार्यक्रम अन्तर्गत अलैंची खेती विस्तार गरिनेछ।

३. बाँझो जग्गालाई उपयोग गर्ने व्यवस्था मिलाउँदै माटो परिक्षण शिविर सन्चालन गर्ने तथा स्थानीय रैथाने बालीहरू झिलङ्गि, कोदो, सिलाम, भटमास, बाँको लगायतका बालीहरूलाई विशेष संरक्षण र प्रबर्धन गरिनेछ।

४. "**खाद्य सुरक्षाको आधार सम्बृद्ध चन्द्रकोटको पूर्वाधार**" अन्तर्गत कृषकहरूलाई धान, गहुँ, मकैको विउ वितरण गर्ने कार्यलाई निरन्तरता दिइने छ भने विभिन्न तरकारीबालीहरूको विउ विजनसमेत अनुदानमा उपलब्ध गराईने छ।

५. "**आफ्नै उत्पादन खाउँ, चन्द्रकोटमै रमाउँ**" भन्ने लक्ष्यका साथ कृषकहरूलाई उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ। साना किसानको हितमा साना किसान लक्षित कार्यक्रम संचालन गरिनेछ।कृषकहरूको उत्पादनको बजार सुनिश्चितता गर्ने प्रवन्ध मिलाइनेछ भने बिक्री नभएका उत्पादनहरूलाई पालिकाले न्यूनतम समर्थन मुल्य तोकी आफै खरिद गर्ने नीति लिईने छ।

६. **"घर दैलोमा प्राविधिक सेवा उत्पादनमा टेवा"** कार्यक्रम अन्तर्गत किसानको खेत बारीमै कृषि प्राविधिकहरू पुगी कृषकहरूका उत्पादनमा आउने समस्या समाधान गर्ने नीति लिइनेछ।

७. कृषि क्षेत्रको बजारिकरणको लागि LG to CO system (local government to commercial organization) सँग सम्झौता र समन्वय गर्ने र कृषि बजारीकरणका पूर्वाधार निर्माणको लागि प्रदेश र संघ सरकारसँग पहल गरिनेछ।

८. कृषि क्षेत्रलाई आधुनीकिकरण गर्दै कृषि उत्पादनमा बढावा दिनका लागि अनुदानमा कृषि यन्त्र उपकरण वितरण कार्यक्रमलाई निरन्तरता दिदै यस क्षेत्रलाई यान्त्रीकरण गर्ने नीति लिइने छ।

९. शान्तिपुर र मजुवा बजार क्षेत्रलाई केन्द्रित गरी एक घर एक करेसाबारी स्थापना गरी आयात प्रतिस्थापन गर्ने र प्राङ्गारिक तरकारी उपभोगको वातावरण सिर्जना गर्ने नीति लिइनेछ।

१०. प्राङ्गारिक कृषि उत्पादन क्षेत्र विकास कार्यक्रमअन्तर्गत रासायनिक मलको प्रयोग कम गर्ने प्राङ्गारिक र गडयौले मल उत्पादन गर्ने कृषकलाई उत्पादन र बजारीकरणमा अनुदान दिने नीति लिइनेछ।

११. सिंचाईको अभाव भएका क्षेत्रमा सुख्खा सहन सक्ने बालीको खेती गर्न कृषकहरूलाई प्रोत्साहन गरिनेछ। सिंचाईको लागी आकाशे पानी संकलन तथा उपयूक्त प्रविधिको प्रयोग गरी सहजता ल्याइनेछ।

१२. विभिन्न प्रकोप तथा बालीजन्य रोगका कारण हुने क्षतिलाई न्यूनीकरण गर्दै कृषकको बालीलाई संरक्षण गर्न बाली वीमा गर्न प्रोत्साहन गरिनेछ।

१३. कृषि उत्पादनको माग र आपुर्तिवीच सामन्जस्यता ल्याउन कृषक, उपभोक्ता र सरोकारवालाहरुसँग सामुहिक हित प्रवर्द्धन गर्ने कार्यक्रम ल्याइने छ ।

१४. बाँझो जमिनमा किवी, एभोकार्डो, मेवा, सुन्तला,कागती जस्ता फलफूल लगायत टिमुर, अलैंची, बोधिचित्व, कुरीलो, अम्रिसो, तेजपत्ता तथा अन्य फलफुल लगायतका विरुवाहरू रोपणको लागि आवश्यक अनुदानको व्यवस्था मिलाइनेछ। कृषि ज्ञानकेन्द्र, प्रधानमन्त्री कृषि आधुनीकिकरण परियोजना लगायतका विभिन्न नियकायसँगको समन्वयमा कृषि विकासका विभिन्न कार्यक्रम संचालन गरिनेछ।

१५. बाँदर, बँदेल, दुम्सी लगायतका बन्यजन्तुबाट कृषि उत्पादनमा हुने हानी नोक्सानीलाई कम गर्न आवश्यक सहजीकरण गरिनेछ।

१६. **"पशुहरूमा नश्ल सुधार उत्पादन बृद्धिको आधार"** भन्ने नाराका साथ चन्द्रकोट गाउँपालिकाका सम्पूर्ण वडाहरूमा पालिएका गाई भैंसीहरूमा कृतिम गर्भाधान मिसन कार्यक्रम संचालन गरी दुध तथा मासु उत्पादनमा बृद्दि गरिनेछ।

१७. पशुधन संरक्षण, पशुस्वास्थ्य सेवा व्यवस्थित गर्नका साथै विभिन्न महामारी जन्य जुनेटिक रोग नियन्त्रण र रोकथामको लागि निशुल्क खोप तथा औषधि वितरण कार्यक्रमलाई निरन्तरता दिईने छ। पशुपालन पेशामा हुन सक्ने जोखिम न्यूनिकरण गर्न पशु वीमा कार्यक्रमलाई प्रोत्साहित गर्दै उक्त कार्यक्रमको निरन्तरता दिइनेछ।

१८. पशु सेवा क्षेत्रलाई थप व्यवस्थित गर्न व्यवसायीकरण, आधुनिकीकरण तथा यान्त्रिकरण गरी गुणस्तरीय पशुपन्छीजन्य वस्तु उत्पादन गर्न र कृषकहरूको आर्थिक अवस्था सुधार गर्नको लागि कृषकहरूको माग अनुसार मागमा आधारित पशुपन्छी विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९. गाउँपालिकाभित्र सहजरुपमा उन्नत घाँस उत्पादन गर्न पालिका स्तरीय घाँसको विउ श्रोत केन्द्र स्थापना गर्न प्रोत्साहन गरिनेछ। व्यवसायिक तथा निर्भामुखी कृषकहरूलाई अनुदानमा हिउदे तथा बर्षे घाँसको बिउँ तथा बेर्ना वितरण गरिनेछ।

२०. कृषकको उत्पादन गाउँ पालिकाको अनुदान कार्यक्रमलाई निरन्तरता दिदै उत्पादीत दुध तथा मासुमा कृषि सहकारी/कृषक समुह/ फर्म आदिमा भएको अभिलेखका आधारमा अनुदान दिने प्रणालीको विकास तथा विस्तार गरिनेछ।

२१. गाउँपालिकाकाभित्र जोडा गोरु पालक किसानलाई अभिप्रेरित गर्न जोडा गोरुपालक किसानलाई प्रोत्साहन अनुदान दिने व्यवस्था मिलाइनेछ।

२२. गाउँपालिका भित्रका जलासय र माछा पोखरीहरूलाई संरक्षण गर्दै व्यवसायिक माछा पोखरी निर्माण गर्ने समुह तथा फर्महरूलाई अनुदान उपलव्ध गराई गाउँपालिकालाई माछा उत्पादनमा क्रमश आत्मनिर्भर गराउदै लैजाने नीति अवलम्बन गरिनेछ।

२३. **कृषकसँग पशु प्राविधिक** कार्यक्रम संचालन गर्दै किसानको गोठ गोठमा पुगेर पशु उपचार निःशुल्क औषधि वितरण र परामर्श दिने व्यवस्था गरिने छ।

२४. गाउँपालिकाका सबै घरधुरीमा रोजगारीको अवस्थाको अभिलेखीकरण गर्दै बेरोजगार व्यक्तिहरूको व्यवस्थित अभिलेख तयार गरिनेछ र बेरोजगार सूचीमा सुचिकृत बेरोजगार ब्यक्तिलाई कार्यस्थलमा आधारित तालिम सहित रोजगारी प्रदान गरिनेछ। गाउँपालिकामा संचालन हुने योजना तथा कार्यक्रमहरूमा बेरोजगारहरूको सूचीमा रहेका व्यक्तिहरूलाई प्राथमिकता दिइने नीति लिइनेछ। गाउँपालिकाका बेरोजगार युवाहरूलाई विभिन्न सिपमूलक तालिमहरू प्रदान गरी आय आर्जन र स्वरोजगारमा आवद्ध गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२५. वैदेशिक रोजगारीलाई थप ब्यवस्थित, मर्यादित, भरपर्दो र सहज बनाउन ब्यक्तिगत श्रम स्वीकृति र पुन श्रम स्वीकृतिको : व्यवस्था रोजगार सेवा केन्द्रबाट गरिनेछ।

२६. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई गाउँपालिकाबाट समेत साझेदारी गरी थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। स्थानीय रोजगारी सिर्जना गर्ने प्रकृतिका उत्पादनजन्य उद्योगमा गाउँपालिकाको साझेदारीको नीति अवलम्बन गरिनेछ।

२७. श्रमिकहरूको हक र हितको लागि विशेष ध्यान दिदै श्रम तथा श्रमिकलाई सम्मान गर्ने नीति लिइनेछ।

२८. साना खालका पूर्वाधारहरूको निर्माण तथा सडक मर्मत सम्भार गर्ने कार्यमा हेभि इक्विपमेन्टको प्रयोग नगरी स्थानीयलाई रोजगारी दिने नीति अवलम्बन गरिनेछ ।

२९. महिला पुरुष लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा समानता ल्याईनेछ। श्रमिक क्षेत्रमा बालवालीकाको प्रयोगलाई पूर्ण रुपमा निषेध गर्ने नीति अवलम्बन गरिनेछ भने रैथाने तथा आप्रबासी कामदार तथा श्रमजिवी उपर हुने विभेद रोक्नका लागि विशेष व्यवस्था गरिनेछ।

३०. यस गाउँपालिका भित्रका धार्मिक तथा पर्यटकीय स्थलको अभिलेखिकरण गर्दै लगिनेछ भने उल्लेखित क्षेत्रको विकास र प्रवर्द्धन गर्न विकास समिति गठन गरी दर्ता प्रक्रियामा ल्याइनेछ यस क्षेत्रहरूबाट प्राप्त हुने आम्दानीलाई व्यवस्थित गर्नका लागि समितको नाममा बैङ्क खातामा आम्दानी बाँधिनेछ र आवश्यकताका आधारमा सोही क्षेत्रमा खर्च गर्ने नीति लिइनेछ।

३१. कला संस्कृतिको संरक्षण तथा पर्यटन व्यवसायलाई थप बढावा दिन साथै अतिथि देवो भवः भन्ने संस्कारलाई कायम राख्न स्थानीय स्तरमा सानो लगानीमा आम्दानी बढाउने ध्येयले गाउँपालिकामा रहेको रेमी होमस्टेलाई थप विकास तथा सम्बर्द्धन गरिनेछ भने धौलादिप, मगरगाउँ (जोगिस्थान) तथा क्वाङ्गदी अर्जेवालाई नयाँ होमस्टे गन्तव्यको विकास गर्दै लैजाने नीति लिईनेछ।

३२. पर्यटन गुरुयोजना मार्फत पर्यटकीय स्थलहरूको पहिचान, प्रचार प्रसार र सहज पहुँचको लागि पूर्वाधार विकास गर्दै लगिनेछ।शिद्धबाबा-अर्जेवा झरना-रुमालबारी-चन्द्रकोट मन्दिर, सिन्दुर घसे-दिब्रुङ्ग दह-दिब्रुङ्ग मन्दिर-टिमुरेताल-चक्रेश्वर मन्दिर एकीकृत पर्यटकीय सर्किटका लागि गुरुयोजना तयार गरिनेछ। शिद्धबाबा-चन्द्रकोट-दिब्रुङ्ग धार्मिक सर्किटको रुपमा विकास गर्न आवश्यक समन्वय र साझेदारी गर्ने नीति लिईनेछ ।

३३. चन्द्रकोट गाउँपालिका भित्रका पर्यटकिय क्षेत्रहरूको प्राकृतिक सौन्दर्यकरणमा विशेष जोड दिइने छ।

३४. गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन गर्ने एवं विभिन्न जातजातिहरूको धर्म, संस्कृति संरक्षण तथा सम्बर्द्धन गर्दै धार्मिक पर्यटनलाई बढावा दिने नीति लिईनेछ।

३५. पालिकाको केन्द्रको रुपमा रहेको शान्तिपुर तथा गाउँपालिकाको अर्को महत्वपूर्ण व्यापारिक केन्द्र मजुवा बजारलाई सौन्दर्यीकरण गर्न आवश्यक व्यवस्था मिलाइने छ।

३६. अर्जेवा झरनामा पर्यटन विकासको लागि साहसिक खेलहरू जस्तै Rock Climbing, Jeep line, Rapling निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघीयतथा प्रदेश सरकार र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

३७. गाउँपालिकामा संचालनमा रहेका विभिन्न कृषि फर्म, पशुपालन र एग्रो रिसोर्टहरू जस्ता आर्थिक गतिविधिलाई पर्यटकीय गतिविधिसँग आवद्ध गरी आय आर्जन वृद्धि गरिनेछ ।

३८. शान्तिपुरस्थित पुरानो बजार र उदय मावि क्षेत्र जोड्ने झोलुङ्गे पुललाई पुन संरचना गर्दै लगिनेछ।

३९. गाउँपालिका भित्र रहेका विभिन्न सहकारी संस्थाहरूको अभिलेखिकरण गर्दै एउटै उद्देश्यले स्थापना भएका सहकारीहरूलाई एकीकरण गर्ने र निस्कृय सहकारी संस्थाहरूलाई खारेज गर्ने व्यवस्था मिलाइनेछ। सहकारी संस्थाको नियमन तथा व्यवस्थापकीय कार्यलाई प्रभावकारी बनाउन सम्पूर्ण सहकारी संस्थाहरूलाई कोपोमिस (**COPOMIS**) प्रणालीमा आवद्ध गरिनेछ।

४०. आर्थिक विकासको निम्ति छरिएर रहेको स्थानीय पुँजी, श्रम, सीप र स्रोत परिचालन गराउने माध्यमको रुपमा सहकारीलाई विकास गरी आर्थिक रुपमा विपन्न महिला तथा निम्न वर्गका जनताको जीवनस्तर उकास्ने माध्यमको रुपमा सहकारीलाई अगाडि बढाईनेछ।सहकारी संस्थाहरूलाई उत्पादनमूलक कार्यमा लाग्न अभिप्रेरित गरिनेछ।

४१. गाउँपालिकामा संचालनमा रहेका वित्तीय संस्थाहरूलाई प्रचलित कानुनको दायरामा लिई वित्तीय संस्थालाई गाउँपालिकाको नीतिअनुसार संचालनको लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ।

४२. उत्पादन बढाउँदै उत्पादित बस्तुहरूको खपत तथा बस्तुबाट अधिकतम मुनाफा लिदै विभिन्न क्षेत्रमा पालिकाको उत्पादनलाई बढावा दिन कृषिजन्य, उत्पादनजन्य लघु, साना तथा मझौला उद्योग स्थापना र संचालनका लागि समुदायसँग साझेदारी गरिनेछ।

४३. विभिन्न तह र तप्कामा रहेका विभिन्न किसिमका परम्परागत सीप र उद्योगहरू संचालन गर्ने व्यवसाहरूलाई व्यवस्थित गर्दै उनिहरूको सीप र क्षमतालाई संरक्षण गर्दै लगिनेछ।

४४. गाउँपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी, सामुदायिक संस्था, दातृ निकाय एवं सरोकारवाला संस्थाहरूले गाउँपालिकाको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

४५. पालिका क्षेत्रभित्र व्यापार गर्ने प्रयोजनका लागि आउने विभिन्न किसिमका घुम्ती व्यापारीहरूलाई नियमन गर्दै एकद्वार प्रणालीबाट व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

४६. महिलाहरूलाई उद्यमशील बनाई आय आर्जन र स्वरोजगार बनाउनको लागि मागमा आधारित तालिम दिने व्यवस्था मिलाइनेछ । महिलाहरूको सक्रिय सहभागितामा स्थापना हुने र संचालनमा रहेका लघु उद्योगहरूलाई प्रोत्साहन गर्ने कार्यक्रमका लागि महिलाको नाममा स्थापना भएका लघु उद्यम व्यवसायलाई आगामी २ बर्षसम्म नवीकरण निःशुल्क गरिनेछ भने उत्पादित सामाग्रीको लेभलिङ्ग र ब्राण्डिङ्ग गर्न आवश्यक तालिम संचालन गरिनेछ।

४७. उद्यमशीलता विकास गर्न गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत विभिन्न वडामा सीपमूलक तालिम तथा प्रविधि हस्तान्तरण गरिनेछ। गत आर्थिक वर्षहरूमा विभिन्न सीप विकास तालिम लिएकाहरूका लागि आवश्यकता पहिचानका आधारमा पुनतार्जगी र एडभान्स सिप विकास तालिम प्रदान गरिनेछ।

४८. पालिकाबाट संचालन हुने उद्यमशीलता सम्बन्धी तालिममा दलित, आदिबासी जनजाति, सीमान्तकृत समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, एकल महिलाहरूलाई पहिलो प्राथमिकतामा राखिनेछ।

४९. पालिकाको उपयुक्त स्थानमा कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना गरिनेछ भने बोटेगाउँमा रहेको सुविधा केन्द्रलाई थप व्यवस्थित गराउँदै लगिनेछ।

५०. गाउँपालिकाका महिलाहरूलाई स्थानीय स्तरमा दुना टपरी, ,गलबन्दी स्वीटर, सेनेटरी प्याड, अचार, बाँस तथा पोस्करबाट निर्मित सामग्री, गुन्द्रुक, टिमुर लगायतका लघु उद्योगहरू संचालनको लागि आवश्यक समन्वय गर्दै गाउँपालिकाबाट प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ।

**सभादध्यक्ष महोदय,**

**सभाका सदस्यहरू,**

अव म आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि तय गरिएको सामाजिक विकासतर्फका नीति तथा कार्यक्रमहरू पेश गर्दछु।

५१. निजी स्रोतका शिक्षकको व्यवस्थापन गर्न विद्यार्थी संख्या तथा मौजुदा शिक्षक दरवन्दीको आधारमा मापदण्डका आधारमा शिक्षण अनुदान रकम उपलब्ध गराइनेछ। साथै गाउँपालिकाबाट स्थापना गरिएका केजी कक्षाका शिक्षक, गाउँपालिकाबाट स्थापना गरिएका बालविकास केन्द्रका सहजकर्ताको तलबभत्ता, तथा संघीयतर्फका बालविकास सहजकर्ता, विद्यालय कर्मचारी तथा सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताको गाउँपालिकाबाट थप दिइदै आएको तलब भत्ता रकमलाई निरन्तरता दिइनेछ।

५२. **'विद्यालयको शैक्षिक गुणस्तर तथा समग्र विकासमा मेरो सक्रिय सहभागिता, प्रतिवद्धता र पारदर्शिता'** भन्ने मूल वाक्यलाई आत्मसात् गर्दै विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यलाई थप प्रभावकारी बनाउन प्रधानाध्यापक प्रोत्साहन कार्यक्रमलाई कार्यविधि बनाई थप व्यवस्थित गरिनेछ ।

५३. विद्यालयको समग्र शैक्षिक व्यवस्थापनप्रति प्रधानाध्यापक तथा विद्यार्थीको सिकाइ उपलब्धिप्रति शिक्षकलाई उत्तरदायी र जवाफदेही बनाउन प्रधानाध्यापक तथा शिक्षकसँग कार्यसम्पादन सम्झौता गर्ने कार्यलाई अगाडि बढाइनेछ।

५४. बालबालिकालाई दिवा खाजामा जङक फुडलाई पूर्ण रुपमा निषेध गरि स्थानीय अर्गानिक अन्न, तरकारी र फलफूलको प्रयोग गर्नका लागि विद्यालयहरूलाई प्रोत्साहित गरिनेछ ।

५५. **“जहाँ विद्यार्थी त्यहाँ शिक्षक”** अभियानलाई प्रभावकारी बनाउन विद्यार्थी संख्याको आधारमा दरवन्दी मिलान, विद्यालय समायोजन र कक्षा घटाउने नीति अवलम्बन गरिनेछ। साथै विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्बन्धी प्रतिवेदन २०८० ले बालविकास केन्द्रका सम्बन्धमा दिएका सुझाव अनुसार सम्बन्धित वडासँगको समन्वयमा आवश्यकताका आधारमा समुदायमा आधारित बालविकास केन्द्र थपघट गर्ने नीति लिइनेछ।

५६. शैक्षिक गुणस्तर सुधारका लागि पालिका, शिक्षक, अभिभावक, विद्यार्थी, कर्मचारी वीच अन्तर सम्बन्ध र सहकार्यलाई अगाडी बढाइनेछ ।

५७. गाउँपालिकाभित्र सबै सामुदायिक विद्यालयको पाठ्यपुस्तकमा एकरुपता ल्याउन आवश्यक समन्वय, सहकार्य र नियमन गरिनेछ ।

५८. विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार एवम् सुधारमा विशेष ध्यान दिइने छ ।सोका लागि केन्द्र सरकार तथा प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरिनेछ।

५९. वडाभित्र रहेका विद्यालयहरूमा समन्वय तथा गुणस्तर सुधारका लागि वडागत रुपबाट समेत शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

६०. बिपन्न तथा गम्भीर प्रकृतिका बिरामीहरूलाई आर्थिक संकटले स्वास्थ्य संस्थामा जान नसक्ने अवस्थालाई अन्त्य गर्न यातयात खर्च स्वरुप यस अगाडी भएको सहयोग रकमलाई निरन्तरता दिईनेछ।

६१. असहाय अशक्तहरूका लागि ५०% र अति अशक्त गरिवलाई १००% गाउँपालिकाले ब्योहोर्ने गरि नागरिकहरूको स्वास्थ्य बिमा गराउने ब्यवस्थालाई निरन्तरता दिइनेछ। मुटु रोगी र एच.आइ.भी. संक्रमित व्यक्तिहरूलाई स्वास्थ विमामा विशेष ग्राह्यता दिइनेछ।

६२. चन्द्रकोट गाउँपालिकामा निर्माणधीन १५ सैया अस्पताललाई संचालनमा ल्याउनका लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ साथै स्थानीय तहमा संचालनमा आएका सेवाहरूलाई निरन्तरता दिइनेछ।

६३. बर्थिङ सेन्टरमा आई जटिल स्वास्थ्य समस्या भई आमा र नवजात शिशुलाई थप उपचारको लागि अन्यत्र प्रेषण गर्नुपर्ने भएमा असहाय, अशक्त परिवारलाई सम्बन्धित ठाउँमा पुर्याउनका लागि एम्बुलेन्स खर्च वापतको रकम दिने व्यवस्थालाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ। साथै मजुवा स्वास्थ्य चौकीमा रहेको एम्बुलेसलाई सुचारु गर्न वडा संग समन्वय गरी आवश्यक कार्य अगाडि बढाइनेछ।

६४. गाउँपालिकाभित्रका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, वर्थिङ सेन्टर तथा सामुदायिक इकाई लगायतका ठाउँबाट सेवा प्रदान गर्ने करार कर्मचारीहरूलाई निरन्तरता दिइनेछ।

६५. शारीरिक, मानसिक तथा सामाजिक रुपमा नागरिकहरुलाई सक्षम बनाउन तथा जनचेतना अभिवृद्धि गर्न विद्यालय तथा समुदायमा स्वास्थ्य शिक्षा प्रदान गरिनेछ।

६६. विभिन्न स्वास्थ्य कार्यक्रमका साथै स्वास्थ्य संस्थाको पहुचभन्दा टाढा रहेका नागरिकहरूलाई सेवा पुर्याउन सञ्चालनमा ल्याएको समुदायमा आधारित सुक्ष्म स्वास्थ्य शिविर ,आवश्यकता अनुसार गाउँघर क्लिनिक सेवा साथै निशुल्क औषधि वितरणको लागि औषधि तथा मेडिकल सामग्री औजार उपकरणहरू खरिद तथा व्यवस्थापन गरिनेछ।

६७. स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईमा सामान्य समस्या समाधान गर्नका लागि प्रत्येक स्वास्थ्य चौकीलाईअनुदान रकम दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

६८. गम्भिर प्रकृतीका रोग लागेका नागरिकहरूलाई उपलब्ध गराउने मासिक रु. ५ हजार रकमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।

६९. सुनौलो हजार दिनलाई लक्षित गरी बच्चा र आमाको स्वास्थ्यसँग सम्बन्धित विभिन्न सूचकका आधारमा उत्कृष्ट ठहरिएका प्रत्येक वडाका १/१ जना आमालाई सम्मान गरिनेछ।

७०. पालिकाभित्रका नागरिक र पालिकामा कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीहरूलाई निशुल्क रगत उपलब्ध गराउने सम्बन्धमा रक्तसंचार सेवा केन्द्र बुटवलसँग भएको संझौतालाई यस बर्ष पनि निरन्तरता दिईने छ भने पालिकाभित्र वर्षको कम्तिमा १ पटक बृहत् निशुल्क रक्तदान कार्यक्रम संचालन गरिनेछ।

७१. पालिकामा संचालन हुने बृहत् स्वास्थ्य शिविरलाई थप प्रभावकारी बनाउदै यस बर्षपनि निरन्तरता दिईनेछ। साथै निशुल्क आँखा जाँच, चश्मा जाँच, आँखा अपरेशन शिविर, महिलाहरूको पाठेघरको चेकजाँच कार्यक्रम समेत संचालन गरिनेछ।

७२. महिला स्वास्थ्य स्वयंमसेविका र स्वास्थ्य आमा समूहहरूलाई उत्प्रेरित बनाई समुदायमा परिचालन गरी विभिन्न स्वास्थ्य सचेतनाका कार्यक्रम संचालन गरिनेछ ।

७३. हरेक स्वास्थ्य संस्थामा पोषण कर्नरको व्यवस्था गर्दै पोषिलो खानेकुराको प्रदर्शन तथा उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने नीति अवलम्बन गरिनेछ ।

७४. पालिका स्तरीय रङ्गशाला निर्माणको डिपिआर अनुसारको बजेटका लागि केन्द्र र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

७५. बालबालिका तथा युवाहरूमा रेडक्रस तथा स्काउटका सिद्धान्त तथा मान्यता अनुरुपका अभियानमा सहभागिता गराई उनीहरूको शारीरिक, मानसिक तथा बौद्धिक विकासका साथै स्वावलम्बी भावनाको विकासका लागि स्काउट सम्बन्धी गतिविधिलाई थप प्रभावकारी बनाइनेछ।

७६. हरेक क्षेत्रमा युवा परिचालनको निति अनुसार युवा नै परिवर्तनको सम्वाहक भएकोले उनीहरूलाई व्यवस्थाप्रति निराशा आउन नदिई आयसंस्कृति ,विपद् व्यवस्थापन ,विकास ,आर्जनमा लगाउन- कार्यक्रम अव प्रवर्द्वन लगायत रचनात्मक सहभागिता जनाउन विशेष युवा लक्षित प्रोत्साहनलम्वन गरिनेछ।

७७. **"युवा खेल प्रतिभा पहिचान खोजी र सम्मान"** भन्ने मुल आदर्श वाक्यका साथ खेलकुदको माध्यमबाट सक्षम अनुशासित नागरिक उत्पादनमा सहयोग पुर्याइ खेल क्षेत्रको विकासमा सहयोग गर्न गाउँपालिका स्तरमा अध्यक्षकप भलिबल लगायतका विभिन्न खेल प्रतियोगिता संचालन गरिनेछ।

७८. युवा लक्षित कार्यक्रम तथा युवा रोजगारीलाई विशेष ग्राहयता दिई कार्यक्रम अगाडि बढाइनेछ।

७९. गाउँपालिकाभित्रका खेलमैदान पूर्वाधारहरूको निर्माण, स्तरोन्नति र संरक्षण गरिनेछ साथै सोका लागि केन्द्र सरकार तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

८०. लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री नीति र कार्यक्रमलाई उच्च प्राथमिकता दिईनेछ। पछाडि परेका वर्ग, क्षेत्र जातजातिको सामाजिक, सांस्कृतिक, आर्थिक विकास र सशक्तिकरणमा प्रत्यक्ष लाभ हुने र हानिकारक मूल्यमान्यता कम गर्न सहयोग पुग्ने योजना तथा कार्यक्रम विकास गरी कार्यान्वयनको सुनिश्चितता गरिनेछ।

८१. महिलाहरुलाई उद्यमशील बनाउँदै सम्पूर्ण महिलाहरुको क्षमता अभिवृद्धिको लागि नेतृत्व विकास क्षमता, व्यवसायमूलक तथा अनुदानका विभिन्न कार्यक्रम तथा आयमूलक एवम् सीपमूलक कार्यक्रमहरु संचालन गरिनेछ।

८२. पालिकामा रहेका अति सिमान्तकृत र सीमान्तकृत समुदायका महिलालाई सशक्तीकरण, क्षमता विकास तथा विभिन्न तालिममार्फत मूल प्रवाहीकरणका ल्याइनेछ। साथै उनीहरूले संचालन गर्ने व्यवसायमा लाग्ने करमा छुट दिन नीति अवलम्बन गरिनेछ।

८३. योजनाका सवै चरणहरूमा महिला तथा सीमान्तकृत समुदायको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ। सबै वडा र विषयगत शाखाका योजनाहरूमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई उच्च प्राथमिकतामा राखेर बजेट विनियोजन गरिनेछ ।

८४. सुशासन र जवाफदेहिता कायम गर्न र सेवा प्रवाहमा महिला तथा वन्चितिकरणमा परेका समुदायको सहज पहुँच सुनिश्चित गर्नका लागि लै.स.सा.स. परीक्षण र लैंगिक उत्तरदायी बजेट परीक्षणलाई संस्थागत गरिनेछ।

८५. महिला किशोरी बालिकाहरू तथा लक्षित वर्ग लगयतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू अन्त्य गर्ने प्रयत्न गरिनेछ। साथै जातीय छुवाछुत, लैङ्गिक विभेद, बाल श्रम जस्त कार्य बालविवाह, घरेलु हिंसा रोकथामका लागि विभिन्न योजना तथा कार्यक्रमहरू तयार गरी कार्यान्वयन गरिनेछ।

८६. महिलाको सहभागितालाई हरेक क्षेत्रमा ४०% पुऱ्याउनका लागि सो बमोजिमको कार्यक्रमहरू तय गरी लागु गरिनेछ।

८७. बालबालिका भविष्यका कर्णधार हुन् र समाज परिवर्तनका शुत्रधार हुन् भन्ने मुल मर्म अनुरुप बालबचाउ , बालसंरक्षण बालविकास र बाल सहभागिताको लागि वडा र पालिकास्तरीय बाल संजाल गठन तथा बालिका तथा समावेशी शिक्षा संजालको गठन तथा व्यवस्थापन गरिनेछ।

८८. बालमैत्री स्थानीय तह बनाउनका लागि आवश्यक सूचकहरू अनुसारका कार्यक्रमहरू तयार गरी कार्यान्वयन गरिनेछ।

८९. बालविवाह न्यूनीकरणका लागि सरोकारवाला निकायहरूसँग साझेदारी गरी विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ।

९०. अभिभावक विहिन बालबालिकाको उचित स्याहार सम्भार तथा शिक्षाको व्यवस्था गरिनेछ।

९१. **उपाध्यक्षसँग बालवालिका** कार्यक्रम अन्तर्गत बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन गरिनेछ।

९२. ज्येष्ठ नागरिकहरूको ज्ञान सिप र अनुभवको सदुपयोग गर्दै सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदानको आधारमा पालिकाको अभियान ज्येष्ठ नागरिकको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९३. ज्येष्ठ नागरिकहरू भेला भई आफ्ना अनुभवहरू आदानप्रदानका लागि वडाहरूमा आवश्यकताका आधारमा ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माणका लागि जोड दिइनेछ।

९४. ७० वर्ष पुरा भएका वृद्ध आमाबुवाहरूको स्वास्थ्य अवस्थालाई मध्यनजर गरी नियमित सुगर, प्रेसर लगायतका आधारभूत स्वास्थ्य परिक्षणका लागि हरेक महिना **घरदैलो स्वास्थ्य परिक्षण** कार्यक्रम सञ्चालन गरिनेछ।

९५. अपाङ्गता भएका व्यक्तिहरुको प्रोपाइल निरीक्षण गरी खण्डीकृत रुपमा विभाजन गरी आवश्यकताको आधारमा उनीहरुको सीप, क्षमता र आयआर्जनमा वृद्धि हुने खालका कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ।

९६. अपाङ्गता भएका व्यक्तिहरूको सहजताको लागि सहायता सामाग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९७. अपाङ्गता भएका व्यक्तिहरूको वर्गीकृत तथ्याङ्क अध्यावधिक गर्दै अपाङ्गता परिचयपत्र वितरण कार्यलाई थप सहज र सर्वसुलभ बनाइनेछ।

९८. पूर्ण अपाङ्गता भएका व्यक्तिहरूका लागि नि: शुल्क स्वास्थ्य बिमा गर्ने नीतिलाई प्राथमिकता दिइनेछ।

९९. महिला दलित तथा अपाङ्गता भएका व्यक्तिहरूलाई पालिकाबाट प्रदान गर्ने सेवामा विशेष ग्राह्यता दिने नीति अवलम्बन गरिनेछ।

१००. दलित समुदायको सामाजिक आर्थिक सक्षमता र अर्थोपार्जनमा बढोत्तरीका लागि परम्परागत ज्ञान र सीपलाई व्यवसायिक बनाउन विशेष कार्यक्रम संचालन गरिनेछ।

१०१. समाजमा रहेका सबै प्रकारका दलित वर्गको समष्टिगत उत्थानका लागि मागमा आधारित विभिन्न कार्यक्रम संचालन गरिनेछ।

१०२. समाजमा रहेका जातिय विभेद छुवाछुत तथा जातीय आधारमा हुने विभिन्न किसिमका हिंसा वर्गीय आधारमा गरिने विभेदलाई निरुत्साहित गर्दै चन्द्रकोटको अभियान समतामूलक समाज निर्माण को नारालाई पूरा गर्न विभिन्न किसिमका सचेतनामूलक कार्यक्रम तथा अभियानहरू संचालन गरिनेछ।

१०३. आदिवासी जनजाती वर्गको हकहित संरक्षण गर्दै उनिहरूको अधिकारलाई स्थापित साथै विभिन्न कार्यक्रम संचालनका लागि वडा तथा पालिकास्तरीय आदिवासी जनजाती समन्वय समिति गठन गरिनेछ।

१०४. आदिवासी जनजाती समुदायका र उक्त समुदायका अति सिमान्तकृत समुहका व्यक्तिहरूको आर्यआर्जनमा वृद्धि गर्न तथा नेतृत्व विकास गर्न विभिन्न किसिमका कार्यक्रमहरू तय गरी कार्यान्वयन गरिनेछ।

१०५. पालिकाभित्रका सिमान्तकृत बोटे माझी र कुमाल समुदायका बालवालिकामा शिक्षाको महत्व बढाउँदै शिक्षाको थलोमा टिकाईराख्न तथा अध्ययनको वातावरण सहज बनाउन उल्लेखित समुदायबाट कक्षा १२ उत्तिर्ण गर्ने विद्यार्थीहरूलाई उनीहरूले उत्तीर्ण गरेको विद्यालयको समन्वयमा स्नातक अध्ययनका लागि सहजीकरण गरिनेछ।

१०६. समुदायका लागि एकिकृत बस्ती विकास अभियान अन्तर्गत पालिकाबाट बोटे माझी र कुमाल समुदायको लागि एकीकृत बस्ती विकासको कार्यक्रम अगाडि बढाइनेछ।

१०७. गाउँपालिकाभित्रका नागरिकले स्वच्छ खानेपानी प्राप्त गर्ने नैसर्गिक अधिकारलाई स्थापित गर्नका लागि मुहानहरूको स्वच्छता सम्बन्धी टेष्ट गर्ने कार्यलाई अगाडि वढाइनेछ।

१०८. कोहि पनि नागरिक खानेपानीको पहुँचबाट टाढा हुन नपरोस् भन्ने उद्देश्यले पालिकाभित्रका सबै जनतालाई खानेपानीमा पहुँच स्थापित गर्न प्राथमिकताको आधारमा स्रोत परिचालन गरिनेछ।

१०९. एक घर एक धारा कार्यक्रमलाई यसै बर्ष सम्पन्न गरिनेछ भने निर्माण भएका खानेपानी योजनालाई उपभोक्ता समितिलाई हस्तान्तरण गर्दै नागरिकबाट न्यूनतम शुल्क उठाई नियमित मर्मत संहारको जिम्मा दिइनेछ।

११०. पालिकाभित्र रहेका खानेपानीका सम्भाव्य स्रोतहरूको पहिचान गरी ग्राभिटि खानेपानीका श्रोतको संरक्षण गरिनेछ।

१११. बजारको मुख्य स्थान र इलाकाहरूमा फोहोर व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिँदै डम्पिङ्ग साइटलाई थप व्यवस्थित गर्दै लगिनेछ।

११२. गाउँपालिकाभित्रको सभ्यता बढाउन र प्रत्येक नागरिकहरूलाई जिम्मेबारी बोध बनाउनका लागि प्रत्येक घर परिवारलाई आफ्नो फोहोर र बलेनी पानीको आफै व्यवस्थापन गर्न उत्प्रेरित गरिनेछ।

११३. खानेपानीका मुहानहरूको संरक्षण गाउँपालिकाभित्रका विभिन्न खानेपानीका मुलहरूलाई उपभोक्ता समितिको नाममा दर्ता गराउने कार्यलाई जोड दिइनेछ।

११४. नागरिकहरूले सुलभ रुपमा खानेपानी सुविधा लिन पाउनु पर्छ भन्ने पालिकाको मुख्य अभिप्रायलाई व्यवस्थित रुपमा अगाडी बढाउन र केहि सहुलियत दिनका लागि लिफ्टिङ्ग खानेपानी समितिको विद्युतको बिलमा २५ प्रतिशत छुट दिने नीति लाई निरन्तरता दिईनेछ।

११५. Wash Plan अन्तर्गत एकघर एकधारा पुगेका घरधुरीको संख्याको तथ्याङ्क संकलन गरिनेछ साथै, एकघर एकधारा नपुगेका स्थानमा सोको पूर्ति गर्दै खानेपानीमा सबै चन्द्रकोटवासीको सहज र सुलभ पहुँचको अवस्था सिर्जना गर्ने नीति लिइनेछ।

११६. पालिकाभित्र निर्माण सम्पन्न भएका खानेपानी योजनाहरूलाई उपभोक्ता समितिमा हस्तान्तरण गर्दै दीगोपन र संरक्षणका लागि पहल गरिनेछ।

११७. जलवायु परिवर्तनसँगै देखिएको लामो खडेरी र सुख्खा मौसममा पानीका मूलहरू सुक्ने सम्भावना प्रवल देखिएकोले मूल संरक्षणका कार्यक्रमहरू संचालन गरिने छ ।

११८. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

११९. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनाका दर्तामा नागरिकको सहज पहुँच पुर्याउन तथा शत प्रतिशत घटना दर्ता गराउन सूचना संचार पहुँच अभियान संचालन गरिनेछ।

१२०. सामाजिक सुरक्षा भत्ता EFT मार्फत सोझै लाभग्राहीहरूको बैंक खातामा रकम प्रदान गरिनेछ। साथै आवश्यकताको आधारमा अशक्त, अपाङ्ग, वृद्ध लाभग्राहीहरूलाई बैङ्कहरू सँग समन्नवय गरी टोलटोलमा गई रकम वितरण गरिनेछ।

१२१. चन्द्रकोट गाउँपालिका भित्रका मारुनी, झ्याउरे, भैलो, देउसी, तीज गीत, चक्रेश्वर मेला, लाखे जात्रा, पञ्चेबाजा, भजन कीर्तन लगायतका लोक संस्कृति प्रबर्द्धन गर्ने नीति लिइनेछ।

१२२. **"एक वडा एक खुला पार्क"** निर्माणको नीतिलाई क्रमशः अवलम्बन गरिनेछ।

१२३. यस गाउँपालिकाभित्र रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक सम्पदा तथा धरोहरहरूको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

१२४. गाउँपालिकाभित्रको दलित समुदाय, मगर कुमाल, बोटे आदि अल्पसंख्यक एवम् आदिवासी जनजातिको मौलिक भाषा, कला, धर्म एवम् संस्कृतिको संरक्षण एवम् प्रवर्द्धनका कार्यलाई अगाडि बढाइनेछ ।

**सभाध्यक्षज्यू,**

**सभाका सदस्यहरू,**

**अव म पूर्वाधार विकासतर्फका नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेश गर्दछुः**

१२५. गाउँपालिकाको यातायात क्षेत्रलाई व्यवस्थित गर्न र सडकको अवस्था साथै यस क्षेत्रमा गर्नुपर्ने लगानी एबम् विकासमा सहजता ल्याउन तयार भएको गाउँपालिकाको यातायात गुरुयोजना (RMTMP) लाई क्रमशः लागु गरिनेछ।

१२६. पालिकाभित्रका सबै क्षेत्रमा नयाँ सडक विस्तार गर्दा हुने लाभ तथा क्षतिलाई मापनयोग्य बनाउन नयाँ बाटोको ट्र्याक खोल्नु अघि पूर्वाधार विकास समितिको स्थलगत अनुगमन गराई गाउँपालिकाबाट अनिवार्य रुपमा सिफारिस लिनुपर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१२७. पालिकाभित्र कुनै पनि प्रकारका नयाँ सडक निर्माण गर्दा अनिवार्य रुपमा नाली तथा भौतिक संरचना (Structure) निर्माण गर्ने व्यवस्था मिलाइनेछ।

१२८. गाउँपालिकाभित्र रहेका सडक सञ्जालको स्तरोन्नती गर्दै लगिनेछ भने नापी तथा मालपोत कार्यालयको सहकार्यमा सडक संजालको लगत कट्टाको व्यवस्था मिलाइनेछ।

१२९. यस पालिकाको चन्द्रकोट-शान्तिपुर-रेमी-टिमुरे, शान्तिपुर-भिरखानी-भञ्ज्याङ्ग-दिब्रुङ्ग, मजुवा-पिपलपाटा-किसिकोट-भञ्ज्याङ्ग,मजुवा-रुपाकोट, सराङ्ग- दिब्रुङ्ग-दह-अर्जेवा रिङ्गरोड, डकुवा-बौसदी-एक्लेपिपल-बर्बोट-ठूलापोखरा-शिद्धबाबा-भार्से, लामासोता धामिगाडे हर्राचौर वलिवाङ्ग बजेनी सडकलाई गाउँपालिका स्तरीय गौरवको योजनाको रुपमा लिइनेछ।

१३०. शान्तिपुर-भञ्ज्याङ्ग-अर्जेवा-आपचौर सडक, त्रिवेणी-ग्वाघा-हरेवा-शान्तिपुर-रोहटेखोला सडक, गौडाकोट-जुभुङ्ग-मजुवा-गेखुङ्ग-शान्तिपुर-ग्वाघा-फोक्सिङ्ग सडक, शान्तिपुर-हर्राचौर-वलीवाङ्ग-दह-सिन्धुर घसे सडकलाई गाउँपालिका स्तरीय बनाउन प्रदेश र केन्द्र सरकारसँग पहल गरिनेछ।

१३१. पालिकाभित्र संचालन हुने हरेक योजना कार्यान्वयन गर्न सहजता होस भनी स्थानीय जनशक्ति प्रयोगमा ल्याउन डकर्मी तथा सिकर्मी तालिम एवम् उपभोक्ता अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३२. पालिकाको सडक गुरुयोजना अनुसार पालिका स्तरीय बाटोको मापदण्ड निर्धारण गरी व्यवस्थित सडक विकास कार्य अगाडि बढाइने छ।

१३३. गाउँपालिका भित्रका सम्पूर्ण सडकहरूको संरक्षण र दीगोपनाका लागि सडकको दायाँ बायाँ नालीको व्यवस्थापन गर्दै लगिनेछ भने विपद् उत्थानशीलतालाई मध्यनजर गरिनेछ।

१३४. पालिकाका बस्तीहरूमा एक ठाउँदेखि अर्को ठाउँसम्म सहज आवागमनका लागि स्थापित झोलुङ्गे पुलको संरक्षण र आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण गर्दै लगिने छ।

१३५. गाउँपालिकाभित्र स्थानीय जनताको लागत सहभागिता स्रोत साधनको प्रयोगमा पूर्वाधार निर्माणका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३६. बहुवर्षीय तथा गाउँपालिका स्तरीय ठूला तथा गौरवका योजना निर्माणमा आवश्यक पर्ने श्रोतको व्यवस्था गर्न प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गरिनेछ ।

१३७. भौतिक पूर्वाधार निर्माण कार्यहरू र खरिद प्रणालीलाई प्रतिस्पर्धी र पारदर्शी बनाउन विद्युतीय ठेक्का प्रणालीलाई प्राथमिकता दिईनेछ।

१३८. गाउँपालिकाभित्रका सानाठुला सडक नाली निर्माण लगायतका भौतिक संरचना निर्माणको हकमा DPR तयार तयार गर्दै लगिनेछ साथै यस्ता योजना निर्माण गर्नको लागि प्रदेश र केन्द्र सरकारसँग पहल गरिनेछ।

१३९. **विकटलाई निकट बनाउने** अभियानअन्तर्गत गाउँपालिकाको समग्र भौतिक विकासका लागि मार्गदर्शनका रुपमा रहेको पालिकाको आवधिक योजनालाई अद्यावधिक गर्दै लगिनेछ।

१४०. निर्माण सम्पन्न भएका विभिन्न पूर्वाधारसँग सम्बन्धित विभिन्न आयोजनाहरूको संरक्षण र सम्वर्द्धन गर्न सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेबार बनाउने उद्देश्यले क्रमशः योजनाहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्दै लगिनेछ।

१४१. चन्द्रकोट गाउँपालिकामा संचालन हुने बस्ती विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१४२. सडकको सुरक्षालाई मध्यनजर गरी सडक छेउछाउ राखिएका निर्माण सामाग्रीहरूलाई हटाउँदै लगिनेछ।

१४३. गाउँपालिकामा रहेका हरेक प्रकारका कुलो तथा बाँध संरक्षण गरी लाभ हासिल गर्नका लागि संरक्षणको नीतिलाई आत्मसाथ गरीने छ ।

१४४. सिचाई सुविधा कम भएका क्षेत्रमा साना सिचाईका लागि पोखरी कुलो निर्माण थोपा सिचाई तथा पोखरीको निर्माण क्रमलाई निरन्तरता दिइनेछ।

१४५. परम्परागत ढंगले सिंचित भई आएका कूलाको व्यवस्थापन गर्दै नयाँ सम्भाव्य योजनाहरूको पहिचान गरी अगाडि बढाइनेछ।

१४६. जल श्रोतको संरक्षण तथा सौन्दर्यकरण बढाउनका लागि एक वडा एक रिचार्ज पोखरी निर्माण गर्ने नीति लिइनेछ।

१४७. सिँचाई योजनाबाट उत्पादन र उत्पादनकत्वमा बृद्धि गर्ने उद्देश्यले सिंचाई क्षेत्रका साना, मझौला र वृहत सिंचाई योजनाहरूको वर्गीकरण गरी व्यवस्थापन गर्ने नीति लिइने छ ।

१४८. चन्द्रकोट गाउँपालिका अन्तर्गत विभिन्न वडामा नदीले क्षति पुऱ्याएका विभिन्न स्थानमा थप क्षति हुन नदिन नदी तटबन्ध कार्यलाई निरन्तरता दिइनेछ।

१४९. निर्माण हुने भवनलाई व्यवस्थित बनाउनका लागि भवन निर्माण आचारसंहिता बनाई कार्यान्वयन गर्दै लगिने छ भने नक्सापासलाई  समेत अनिवार्य बनाइनेछ।

१५०. गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण सम्पन्न गर्ने कार्यलाई तिव्रता दिइनेछ। वडा नं. १ मा समपन्न भएको नयाँ भवनबाट सेवा प्रारम्भ गरिनेछ भने वडा नं. २ र ५ को वडा भवन यसैबर्ष सम्पन्न गरिनेछ साथै वडा नं. ३ र ४ को नयाँ भवन निर्माणका लागि बहुबर्षिय योजना अन्तर्गत ठेक्का प्रारम्भ गरिनेछ।

१५१. पालिकाका सबै स्वास्थ्य चौकीहरू नयाँ भवनबाट संचालन गर्ने नीति अनुरुप यसैबर्ष वडा नं. १ दिब्रुङ्गको स्वास्थ्यचौकी भवन निर्माण सम्पन्न गर्ने नीति लिईनेछ। यसैगरी निर्माण सम्पन्न भएको १५ शैय्याको शान्तिपुर अस्पतालको नयाँ भवनबाट सेवा प्रारम्भ गरिनेछ।

१५२. गाउँपालिकाभित्रका विद्यालयको आवश्यकताअनुसार भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ। साथै आवश्यक स्थानमा सामुदायिक भवनहरू निर्माण गर्दै लगिनेछ ।

१५३. सुरक्षित आवासबाट बञ्चित नागरिकहरूको लागि सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गरी घर निर्माण गरी हस्तान्तरण गरिनेछ।

१५४. गाउँपालिकाभित्र निर्माण हुने भवनलाई वालमैत्री अपाङ्गता मैत्री, महिला मैत्री, लैङ्गिक तथा यौनिक अलपसंख्यक एवम् जेष्ठ नागरिकमैत्री बनाउने नीति लिईनेछ।

१५५. गाउँपालिकाबाट उपभोक्ता समितिमार्फत संचालन हुने सबै किसिमका पूर्वाधार निर्माण कार्यमा कम्तिमा १० प्रतिशत लागत साझेदारी कायम गर्ने कुरालाई निरन्तरता दिईनेछ।

१५६. निर्माण भएका भवन, सडक लगायतका पूर्वाधार विकासका कार्यक्रमको दीगोपना साथै संरक्षणका लागि उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ।

१५७. क्रमशः विद्युतीय उर्जा प्रयोग गर्दै लैजाने नेपाल सरकारको नीति बमोजिम नागरिकको समेत लगानी हुने गरी विद्युतीय चुलो संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५८. बैकल्पिक उर्जालाई प्रवर्धन गरी यसको प्रयोग बढाउँदै लैजाने र बैकल्पिक उर्जाबाट अधिकतम रुपमा लाभ लिने उद्देश्यले गाउँपालिकाको मुख्य वस्ती क्षेत्रमा वैकल्पिक उर्जा प्रवर्द्धन कार्यलाई निरन्तरता दिईनेछ।

१५९. जलविद्युत तथा सौर्य उर्जाको प्रयोग गरी यसै आर्थिक वर्षमा सबै नागरिकको घर घरमा विद्युतको पहुँच पुर्‍याई उज्यालो चन्द्रकोट गाउँपालिका घोषणा गर्ने नीति लिईनेछ।

१६०. गाउँपालिका क्षेत्रभित्र विद्युत आपुर्तीलाई नियमित, व्यवस्थित र स्तरवृद्धि गर्न सामुदायिक विद्युतीकरण उपभोक्ता समन्वय गरी आवश्यक कार्य अगाडि बढाईनेछ।

१६१. बजार क्षेत्रमा समुदायको समेत सहलगानीमा सडक बत्तीलाई टोल विकास संस्था मार्फत व्यवस्थित हुने गरी अगाडि बढाइनेछ।

१६२. सर्वसुलभ विद्युत सेवाको लागि सामुदायिक विद्युलताई समिति र प्राधिकरणको सहकार्यमा क्रमशः नेपाल विद्युत प्राधिकरणलाई हस्तान्तरण गर्ने नीति लिइनेछ।

**सभाध्यक्षज्यू,**

**सभाका सदस्यहरू,**

अव म सार्वजनिक सेवा प्रवाह तथा सुशासनतर्फका नीति तथा कार्यक्रम पेश गर्दछुः

१६३. **"सेवाको वरिपरि जनता होइन जनताको वरिपरि सेवा**" भन्ने अवधारणालाई आत्मसाथ गर्दै समय समयमा वडातहमै एकीकृत घुम्ति सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ भने गाउँपालिका मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा "नागरिक सन्तुष्टी सेवा" अभियान संचालन गरिनेछ।

१६४. सबल, सक्षम र सुशासनयुक्त स्थानीय सरकारको नीति अवलम्बन गर्दै भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई निरन्तर नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

१६५. सहज रुपमा सेवा प्रदान गर्ने तथा पारदर्शि सेवा प्रवाहको सुनिश्चितता कायम गर्दै जवाफदेहिता, उत्तरदायित्व, नागरिक मैत्री बनाउन नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण,

घुम्ती सेवा, नागरिक सन्तुष्टि सर्भेक्षण, नागरिक बहिर्गमित पत्र (Exit Poll), विद्युतीय शासन जस्ता सेवा प्रवाहका नवीनतम आयामहरूलाई अधिकतम प्रयोगमा ल्याइने छ।

१६६. सार्वजनिक सेवा प्रवाह हुने प्रवेश विन्दु वडा कार्यालय रहेको हुँदा वडाबाट प्रदान गरिने सेवाप्रवाहलाई थप प्रभावकारी, सूचना प्रविधिमैत्री बनाइने छ । गाउँपालिका तथा वडा कार्यालयहरूको संस्थागत क्षमता अभिवृद्धि र क्षमता विकास कार्यक्रममार्फत सेवा प्रवाहलाई थप गुणस्तरीय बनाइने छ। गाउँपालिकामा रहेको नागरिक सहायता कक्षलाई थप व्यवस्थित गरिनेछ भने वडा कार्यालयहरूमा समेत नागरिक सहायता कक्षको अवधारणा क्रमशः लागु गरिनेछ।

१६७. खर्चमा मितव्ययीता ल्याउन साथै पूर्वाधार विकास गर्नका लागि प्रशासनिक तथा चालु प्रकृतिका खर्चहरूमा कटौती गरी पूँजीगत खर्च वृद्धि गर्दै लगिनेछ।

१६८. सूचनाको हकको प्रत्याभूति गर्न गराउनका लागि कार्य प्रगति समेटिएको ई-बुलेटिन प्रत्येक त्रैमासिक रुपमा प्रकाशन गरिनेछ। साथै गाउँपालिकाबाट पारित विभिन्न ऐन तथा कानूनहरूलाई गाउँ कार्यपालिकाको वेवसाइटमा अद्यावधिक गर्दै लगिनेछ। नागरिकहरूको गुनासोहरू गुनासो सुन्ने अधिकारी मार्फत् तत्कालै सम्बोधन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ भने सूचना अधिकारीको माध्यमबाट सूचनाहरूलाई सार्वजनिकीकरण गरिनेछ।

१६९. सुशासन प्रबर्धन गर्दै कार्यालय संचालन लाई प्रभावकारी सेवा प्रवाह गर्ने वातावरण मिलाउन विभिन्न स्थानीय तहहरूसँग भगिनी सम्बन्ध कायम गरिनेछ।

१७०. सार्बजनिक सेवा प्रवाह र सुशासनलाई आफ्नो मुख्य कर्म मान्दै कर्मचारी र जनप्रतिनिधिहरू जनताका सेवक हुन् भन्ने अनुभूति हुनेगरी सेवा प्रवाहको व्यवस्था मिलाइनेछ। जनतासँग अध्यक्ष कार्यक्रम मार्फत विभिन्न वडाहरूमा प्रत्येक महिना नागरिक भेटघाट कार्यक्रम संचालन गर्दै आम नागरिकको चासो, गुनासो र प्रतिकृयाहरू सम्बोधन गरी नागरिकको नजिकको जनउत्तरदायी स्थानीय सरकार बनाईनेछ।

१७१. बर्षात्को समय अगाबै योजना सम्पन्न गर्ने वातावरण मिलाउन तथा पुँजिगत खर्च बृद्धि गर्न समयमै उपभोक्ता समिति गठन गर्ने, योजना सम्झौता गर्ने/गराउने, समयमै फरफारक गराउने वडालाई उत्कृष्ट वडाको रुपमा घोषणा गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१७२. गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरूको नियमानुसार प्रत्येक आर्थिक वर्ष महालेखा परीक्षकको कार्यालयबाट लेखापरिक्षण गराई देखिन आएको बेरुजु सम्परीक्षण गरी आर्थिक अनुशासन कायम गरिनेछ।

१७३. कुनै पनि योजना तथा कार्यक्रम संचालन गर्नु पूर्व त्यसको यथार्थ तथ्याङ्क आवश्यक पर्ने हुँदा यसको व्यवस्थापनका लागि गाउँपालिकाको अभिलेख प्रणालीलाई थप व्यवस्थित बनाउँदै लगिनेछ। पालिकामा एक तथ्याङ्क ईकाइ संचालनमा ल्याईनेछ।

१७४. गाउँपालिकाका कृषक, विपन्न नागरिक असहाय नागरिकहरूको तथ्याङ्क संकलन गरी अनुदान तथा आर्थिक सहायताका कार्यक्रमहरू व्यवस्थित रुपले संचालन गरिनेछ ।

१७५. गाउँपालिकाभित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका सम्पूर्ण विषयहरूको खोज गरी अभिलेखीकरण गरीने छ भने गाउँपालिकाको मुख्य पर्यटकीय स्थलहरूको चिनारी समेटेर "हाम्रो चिनारी" नामक बुकलेट प्रकाशन गरिनेछ।

१७६. काम गर्ने वातावरणलाई दिगो बनाउन र जनशक्तिहरूबाट अधिकतम लाभ लिनका लागि गाउँपालिकामा कार्यरत मानव संशाधनको क्षमता अभिवृद्धि क्रियाकलापहरू सञ्चालन गरिनेछ। जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धितर्फ विशेष जोड दिईने छ भने विषयगत समितिका सदस्यहरूलाई क्षमता अभिवृद्धि तालिम संचालन गरिनेछ।

१७७. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पादन गर्न कर्मचारीलाई जवाफदेही बनाउन, कार्य सम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाउन अध्यक्षसँग प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतसँग शाखा प्रमुखहरूको कार्य सम्पादन करार सम्झौता गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१७८. विपद् व्यवस्थापन, बजार अनुगमन, सार्वजनिक जग्गा अतिक्रमण रोक्न, गाउँपालिकाका विभिन्न नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्न तथा अन्य तोकिएका कार्यहरू सम्पादनको लागि गाउँपालिकाको नगर प्रहरी भर्ना गरि परिचालन गरिनेछ।

१७९. गाउँपालिका क्षेत्र भित्रका लब्ध प्रतिष्ठित तथा विद्वत वर्गको सहयोग लिने र कार्य अनुभव आदान प्रदान गरी प्राप्त पृष्ठपोषणलाई गाउँपालिकाको समृद्धि र वृहत्तर विकासमा समाहित गर्दै लगिनेछ।

१८०. व्यवसायमा प्रगतिशील कर प्रणाली लागु गरी प्रभावकारी रुपमा कर संकलन गरिनेछ। साथै व्यवसाय दर्ता प्रक्रियालाई सहज एवम् सरल बनाई सबै व्यवसायलाई अनिवार्य दर्ता प्रकृयामा ल्याईनेछ।

१८१. गाउँपालिकाको आन्तरिक आम्दानीको श्रोतको रुपमा रहेको राजश्व संकलनलाई थप प्रभावकारी बनाउन थप नीतिगत व्यवस्था गरिनेछ। गाउँपालिकाको राजश्व सुधार योजनालाई अध्यावधिक गर्दै कार्यान्वयनमा ल्याईनेछ।

१८२. राजश्वको दर होईन दायरा बढाउँ भन्ने प्रमुख नीतिका साथ स्थानीय राजश्वको दायरा विस्तार गर्दै लगिनेछ।

१८३. नागरिकलाई मैले तिरेको कर मेरै विकासका लागि हो भन्ने कुराको अनुभूति दिलाउनकरदाता सेवा कार्यालयको समन्वयमा करदाता शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१८४. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट राजश्व संकलनमा अनलाईन प्रविधिको प्रयोग गरी राजश्व संकलन गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाईने छ र नागरिकले कर तिर्ने कार्यको सहजताका लागि वडा तहमा रहेका कर संकलकहरूलाई नागरिकको घरमै पुग्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१८५. राजश्वका क्षेत्रहरूबाट प्राप्त हुने आम्दानीका आधारमा वडाहरूमा निश्चित प्रतिशत रकम विनियोजन गरी एकीकृत योजना संचालन गरिनेछ।

१८६. सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य भएकोले सोतर्फ सबैलाई शिक्षित गर्दै लगिनेछ।

१८७. गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था लगायतका सार्वजनीक निकायका नाममा रहेका वा भोग चलन गरेका सबै किसिमका चल अचल सम्पत्तिहरूको एकीकृत अभिलेख तयार गर्नका लागि नापी तथा मालपोत कार्यालयसँग समन्वय गरिनेछ।

१८८. नागरिकमा शान्तिसुरक्षा गर्न र आपराधिक गतिविधी नियन्त्रण गरी सामाजिक अमन चयन कायम राख्नका लागि गाउँपालिकाभित्रका मुख्य बजार क्षेत्रमा सिसिटिभि क्यामेरा थप गरिनेछ।

१८९. पालिकाभित्र हुने लागुऔषध नियन्त्रणका लागि लागु औसध नियन्त्रण अभियान संचालन गरिने छ।

१९०. सार्बजनिक यातायात र निजी यातायात संचालन गर्ने चालक, सहचालक तथा सवारी धनीका लागि सवारी चालन तथा व्यवहार सम्बन्धी नैतिक शिक्षा प्रदान गरिनेछ।

१९१. सबै प्रकारका हिंसा तथा घरेलु हिंसा नियन्त्रण गर्न परिवार, समुदाय तथा प्रहरीसँग हातेमालो गरीने छ।

१९२. गाउँपालिका प्रविधिमैत्री बनाउन र कार्य सम्पादनलाई छिटो,छरितो,पारदर्शी र गुणस्तरीय बनाउन प्रविधिको प्रयोगमा जोड दिइनेछ।

१९३. "प्रविधिको प्रयोग, डिजिटल तथा वित्तीय साक्षरता हाम्रो अभियान" कार्यक्रम संचालन गरी युवा तथा बालबालिका लक्षित साक्षर अभियान संचालन गरिनेछ।

१९४. सेवाग्राहीको लागि जारी गरीने नागरिक वडापत्रलाई अद्यावधिक गरी सबै तह र वर्गको पहुँचमा पुऱ्याउनको लागि सूचना बोर्ड, सामाजिक संजाल तथा वेवसाइट मार्फत जानकारी गराई नागरिकको सूचनामा सहज पहुँच गरिनेछ साथै गाउँपालिकाको हरेक सूचना तथा समाचार, वार्षिक कार्यक्रम, वडा कार्यालयको विवरण, मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन, आय-व्यय विवरण, सार्वजनिक सुनुवाई, ऐन,कानुन तथा निर्देशिका ,कर तथा शुल्कहरूको विवरण वेवसाइटमा राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१९५. सुचनाको पहुँचबाट कोहि नागरिक बञ्चित हुन नपरोस् र सत्य र तथ्य सुचना समाचार प्राप्त गर्ने नागरिकको अधिकारलाई सुनिश्चित गर्न संचार कर्म गरी सेवा प्रवाह गर्ने सञ्चारमाध्यम र सञ्चारकर्मीहरूलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

१९६. गाउँपालिकाका सबै वडा कार्यालयहरू र वडा कार्यालयको नजिकै रहेका मुख्य व्यापारिक क्षेत्र तथा संवेदनशील स्थानहरूमा जडान गरीएका CCTV थप गर्दै मौजुदा रहेकाहरूको मर्मत संभार तथा Upgrade सम्बन्धी कार्य गरिनेछ।

१९७. गाउँपालिकाको वास्तविक वस्तुस्थितिको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँपालिकाको डिजिटल प्रोफाईल, आवधिक योजना, WASH PLAN,अध्यावधिक गरिनेछ। गाउँपालिकाको मध्यमकालिन खर्च संरचना साथै स्थानीय आर्थिक सर्भेक्षण पूर्ण रुपमा तयार गरिनेछ।

**सभाध्यक्षज्यू, सभा सदस्यहरू,**

**अब म अन्तर सम्बन्धित क्षेत्रतर्फका नीति तथा कार्यक्रमहरू पेश गर्दछुः**

१९८. चन्द्रकोट गाउँपालिकाको रहर, स्वच्छ र हराभरा गाउँ तथा शहर भन्ने नारालाई व्यवहारतः लैजान बनमा आधारित उद्यमशीलता विकासका लागि साझेदारी कार्यक्रम संचालन गरिनेछ।

१९९. स्वच्छ बातावरणमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न वातावरण मैत्री स्थानीय शासनको अवधारणा अनुरुप विकासका कार्यहरू अगाडि बढाउने नीतिलाई जोड दिइनेछ।

२००. वनजंगलमा लाग्ने डडेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम संचालन गर्दै अग्नी रेखा निर्माण गर्दै लगिनेछ भने आगलागी नियन्त्रणका विभिन्न सामाग्रीहरूको व्यवस्थापन गरिनेछ।

२०१. विभिन्न स्थानमा जान सक्ने संभावित पहिरो नियन्त्रणतर्फ पूर्व सावधानी तथा तत्काल उद्दारको नीति लिई पहिरो ग्रस्त क्षेत्रमा वृक्षारोपण गरिनेछ। जैविक विविधताको संरक्षणबाट बातावरण सवल बनाउन सहयोग पुग्ने हुँदा प्रत्येक वडामा एक जैविक पार्क निर्माणमा जोड दिइनेछ।

२०२. न्याय पाउनु हरेक नागरिकको अधिकार हो भन्ने मान्यतालाई स्थापित गर्न मेलमिलाप कर्ताको क्षमता विकास गरी छिटो, छरितो र सुलभ न्याय प्रणालीको विकास गरिनेछ।

२०३. सबै नागरिकको न्यायमा पहँच पुर्याउन साथै आफ्ना हक अधिकारका बारेमा आम नागरिकलाई सुसूचित गर्न न्यायिक अधिकार सम्बन्धी नागरिक तहमा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

२०४. फोहोर गर्नु सामाजिक अपराध हो भन्ने मान्यतालाई स्थापित गर्न विभिन्न संघ संस्थासँगको समन्वयमा अधिकतम नागरिक सहभागि गराई सरसफाई अभियान तथा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

२०५. गाउँपालिकाभित्रको मुख्य बजार शान्तिपुर तथा मजुवा बजार क्षेत्रबाट उत्पन्न हुने फोहोरमैलाको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ साथै अन्य बजारउन्मुख क्षेत्रबाट समेत फोहर संकलन गरी व्यवस्थित गर्ने नीति लिईनेछ।

२०६. पुराना तथा कवाडीजन्य सामानहरूको संकलन गरी उचित व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२०७. गाउँपालिकाका विभिन्न क्षेत्रहरूमा ढल व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ।

२०८. जलवायु परिवर्तनको कारणले पर्ने जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुकूलन कार्यक्रम संचालन गरिनेछ।

२०९. विभिन्न प्रकोप तथा विपदमा परेका नागरिकहरूलाई पुनर्स्थापना संरक्षण र व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखिनेछ।

२१०. विकासका विभिन्न आयोजनाहरूको प्रगती अवस्थाको बारेमा नियमित रुपमा अनुगमन गरिनेछ साथै विभिन्न सरोकारवाला निकायहरूको समन्वयमा उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ।

२११. विकास आयोजनालाई वस्तुनिष्ठ बनाउन विकास आयोजनाहरूको तेस्रो पक्षबाट समेत अनुगमन र प्रतिवेदन दिने प्रणालीको विकास गरिनेछ।

दिगो विकासको स्थानीयकरणतर्फका निति तथा कार्यक्रमहरू

| दीगो विकासका लक्ष्यहरू | स्थानीयकरणका लागि तय गरिएका निति तथा कार्यक्रमहरू |
|---|---|
| गरिबीको अन्त्य | गाउँपालिकाभित्र रहेको गरिवीको न्यूनीकरण गर्नका लागि कृषि तथा पशुक्षेत्रमा उत्पादनमूलक क्रियाकलापहरू संचालन गर्ने तथा प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम, महिला उद्यमीलाई प्रोत्साहन स्वरूप उनीहरूको प्रस्तावनाको आधारमा आबश्यक अनुदान लगायतका कार्यक्रम संचालन गरिनेछ। |
| भोकमरीको अन्त्य | गाउँपालिकाभित्र खाना नपाएरै भोकभोकै मर्नुपर्ने अवस्था नरहेकोमा अव पनि यस्तो अवस्था आउन नदिन गाउँपालिकामा नियमित बजार अनुगमन गरी कृत्रिम अभाव, अस्वभाविक मूल्य बृद्धि लगायतका क्रियाकलाप हुन नदिने प्रवन्ध गरिनेछ भने नियमित खांद्यान्न लगायतका सामग्रीको आपूर्तिको लागि सडक क्षमता बृद्धि गरिनेछ। |
| स्वस्थ र समुन्नत समाज | 'स्वस्थ नागरिक, स्वस्थ समाज, स्वस्थ समाज स्वस्थ गाउँपालिका' भन्ने नाराका साथ स्वास्थ्य क्षेत्रका विभिन्न कार्यक्रम संचालन गरिनेछ र नागरिकहरूमा सवल समाज निर्माणका लागि विभिन्न तालिम कार्यक्रम संचालन गरिनेछ। |
| गुणस्तरीय शिक्षा | गुणस्तरीय शिक्षा आजको आवश्यकता भन्ने नारालाई पूर्ण गर्न पालिकाभित्र संचालित विद्यालयहरूको क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका विद्यालय अनुदान कार्यक्रम संचालन गरिनेछ। यसै गरी मातृत्व र पितृत्वको ठेगान नभएका बालवालिकाहरूलाई गाउँपालिकाले आवासीय सुविधासहित शिक्षाको उचित प्रवन्ध गर्ने नीति लिइनेछ। |
| लैङ्गिक समानता | हाम्रो पालिकाभर महिला पुरूष दुवै बरावर भन्ने नारालाई व्यवहारतः लैजाने प्रयास गरिनेछ र लिङ्गकै आधारमा हुने भेदभावलाई न्यूनीकरण गर्न लक्षित कार्यक्रमहरू संचालन गरिनेछ। |
| स्वच्छ खानेपानी तथा सरसफाई | गाउँपालिकाभित्र एक घर एक धारा कार्यक्रमलाई सम्पन्न गरिनेछ। यसै गरी भएका मुहानहरूको संरक्षण र खानेपानीको स्वच्छतालाई ध्यान दिन आवश्यक व्यवस्था मिलाइनेछ। सरसफाईको लागि फोहर लुकाउने होईन व्यवस्थापन गर्ने हो भन्ने कुरामा आम गाउँपालिकाभित्रका नागरिकहरूलाई चेतनशील बनाउदै कुहिने र नकुहिने फोहर छुट्टाछुट्टै संकलन गर्ने व्यवस्था मिलाइने छ। साथै यस गाउँपालिकालाई प्लाष्टिक मुक्त क्षेत्र बनाई सो को कार्यान्वयन गर्ने प्रवन्ध मिलाइने छ। |
| स्वच्छ उर्जामा सहज पहुँच | गाउँपालिकामा बैकल्पिक उर्जाको प्रवर्धनका लागि विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ। |

| | |
|---|---|
| मर्यादित रोजगार तथा आर्थिक बृद्धि | गाउँपालिकाभित्र संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम, विभिन्न आय आर्जनमूलक कार्यक्रम तथा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम जस्ता कार्यक्रमहरूलाई उत्पादन तथा व्यवसायसँग जोडिने छ र लक्षित समुदाय तथा बर्गलाई केन्द्रित गरी कार्यक्रम संचालन गरिनेछ र जनताको आर्थिक संवृद्धिको लागि विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ। |
| उद्योग, पूर्वाधार र नवीन सिर्जना | गाउँपालिकाभित्र साना तथा मझौला उद्योगहरू स्थापना गर्न उद्योगीहरूसँग विभिन्न अन्तरक्रिया कार्यक्रमहरू संचालन गरिनेछ। गाउँपालिकाभित्र सडक, भवन लगायतका पूर्वाधारहरू निर्माणलाई निरन्तरता दिइनेछ। |
| असमानता न्यूनीकरण | समाजमा हुने वर्गीय, लैङ्गिक तथा जातिगत असमानता हटाउनको लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ र असमानताको कारण पहिचान गरी सो को न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ। छोरा र छोरी दुबैलाई अंश दिने परिवारलाई समाजमा लैङ्गिक समानता कायम राख्न उचित पहल गरेकोमा सम्मान गर्ने व्यवस्था मिलाइनेछ। |
| दीगो शहर र समुदायहरू | गाउँपालिकाभित्रका शान्तिपुर बजार, मजुवा बजार, सोता, दमुका, एक्लेपिपल, ग्वाघा र वलिवाङ्ग क्षेत्रलाई बजारउन्मुख क्षेत्रहरूमा रूपान्तरण गरिनेछ। |
| जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन | स्वच्छ खाना तथा उत्पादन तथा सामाग्रीहरू नागरिकले सहज प्राप्ति गर्ने अधिकारलाई सुनिश्चित गर्न उत्पादकहरूलाई जिम्मेवार बनाईनेछ भने वस्तुहरूको गुणस्तरीयता बढाउन उद्योग बाणिज्य संघको सहकार्यमा व्यवसायी प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ भने समय समयमा बजार अनुगमन मार्फत त्यसको परीक्षण गरिनेछ। |
| जलवायु परिवर्तनमा तत्काल पहल | जलवायु परिवर्तन र यसले पार्न सक्ने प्रभावका बारेमा नागरिक सचेतना कार्यक्रम संचालन गरिनेछ भने पूर्वाधार तर्फ बायो ईन्जिनियरिङ्गको अवधारणा लागु गरिनेछ। |
| जमिनमाथिको जैविक विविधताको संरक्षण | जैविक विविधता संरक्षणका लागि विभिन्न पुराना पोखरीहरूलाई संरक्षण गरी रिचार्ज पोखरीको रूपमा लैजाने पहल गरिनेछ। |
| शान्ति, न्याय र सशक्त निकाय | गाउँपालिकाभित्र शान्ति सुरक्षा र अमन चयन कायम गर्न पालिकाभित्र रहेका सुरक्षा निकायसँग समन्वय गरिनेछ। त्यसैगरी नागरिकको न्याय प्राप्तिको लागि स्थानीय न्यायिक समितिलाई थप क्रियाशील बनाइनेछ। गाउँपालिकालाई नागरिकको नजिकको सरकारका रूपमा थप सशक्त बनाउदै लगिनेछ। |

| | |
|---|---|
| लक्ष्य प्राप्तिका लागि साझेदारी | दीगो विकासका लक्ष्यलाई प्राप्त गर्न र गाउँपालिकाको समग्र विकास लक्ष्यलाई परिपूर्ति गर्नका लागि अन्तरतह समन्वय र सहकार्यका लागि विभिन्न सरोकारवालाहरूसँग बैठक गोष्ठीहरू संचालन गरिनेछ। |

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम यस गाउँपालिकालाई समृद्ध र समुन्नत बनाउने दीर्घकालिन सोच र लक्ष्यको मार्गदर्शक दस्ताबेज हो। हामी निर्वाचित भएर आए पश्चात्को तेश्रो नीति तथा कार्यक्रम तयार गर्ने क्रममा हामीले संभव भएसम्म स्थानीयबासीहरू, नागरिक समाज लगायत सरोकारवाला सबैको राय सुझावलाई समेट्ने प्रयार गरेका छौं। प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सबैको साथ र सहयोग रहने कुरामा हामी विश्वस्त रहेका छौं।

अन्त्यमा, हामीलाई निरन्तर सहकार्य गरिरहनुहुने संघ प्रदेशका माननीय ज्यूहरू तथा पूर्व माननीय ज्युहरू, निवर्तमान कार्यपालिका तथा गाउँसभा सदस्यहरू, स्थायी सरकारको रुपमा कार्य गरी अनवरत रुपमा सेवा प्रदान गरिरहनुभएका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी साथीहरू, सम्पूर्ण स्वास्थ्यकर्मीहरू प्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरूको मनोवललाई उच्च राखी अझ प्रभावकारी ढंगबाट सेवा प्रदान गर्न अझ बढि उत्प्रित भई कार्यमा लाग्न अपिल गर्दछु। साथै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि उच्च मनोबलका साथ रुपान्तरण र परिवर्तनका खातिर अनवरत रुपमा खटिरहनु भएका शिक्षक, विद्यालय व्यवस्थापन समितिहरू तथा शिक्षक अभिभावक संघलाई उच्च मनोवलका साथ रुपान्तरण र परिवर्तन गर्नका लागि अनुरोध गर्दै सम्पूर्ण विद्यार्थी भाईवहिनीहरूलाई मेहनतका साथ लाग्न समेत अपिल गर्दछु।
यसैगरी गाउँपालिकाभित्रको शान्ति सुरक्षा कायम गर्नका लागि निरन्तर रुपमा खटिई रहनुभएका नेपाल प्रहरीलाई निरन्तर कार्य जिम्मेवारीमा लाग्न समेत उत्प्रेरित गर्दछु।
यस गाउँपालिकाको विकास सम्बृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष परोक्षरुपमा योगदान गर्नुहुने संघ सरकार, प्रदेश सरकार, गाउँसभा सदस्यहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दल, नागरिक समाज, साझेदार संस्था, गैर सरकारी संघ संस्थाहरू, उद्योगी-व्यवसायी, पेशाकर्मीहरू, संचारकर्मी लगायत सम्बद्ध सबै पक्षमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा समेत रचनात्मक सहयोग र सुझावको अपेक्षा गर्दछौं ।

धन्यवाद।

मिति २०८१ असार १० गते

युवराज खत्री क्षत्री
अध्यक्ष